दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३२६ | बुटवल | २०८२ मंसिर २० गते, शनिबार | नेपाल संवत ११४६ | Saturday December 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# तिनाउ नदीमा साढे दुई अर्बको सिग्नेचर पुल

**विश्व बैंकको साढे २ अर्ब रुपैयाँ ऋण सहयोगमा सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखाले पुल निर्माणका लागि शुक्रबार टेण्डर आह्वान गरेको छ।**



**टिआर शर्मा**

*बुटवल*

एक दशक अघिदेखि चर्चामा रहे पनि कार्यान्वयनमा आउन नसकिरहेका बेला बुटवलको तिनाउ नदीमा सिग्नेचर ब्रिज (आकर्षक पुल ) बन्ने निश्चित भएको छ।

विश्व बैंकको साढे दुई अर्ब ऋण सहयोगमा पूर्व पश्चिम राजमार्गमा पर्ने तिनाउमा हालको पुललाई बिचमा पारेर दुई-दुई लेनका आधुनिक डिजाइनका पुल बन्ने भएका हुन् । तिनाउमा बन्ने सिग्नेचर ब्रिज नेपालको दोस्रो र नारायणी पश्चिमको पहिलो हुनेछ।

६ लेनमा विस्तार भइरहेको बुटवल-गोरुसिंगे सडकको प्रस्थान विन्दु समेत पर्ने तिनाउ नदीमा साढे १० मिटर चौडा र २४० मिटर लम्बाईको दरले दुई पुल बनाउन टेण्डर आह्वान गरिएको सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखा ललितपुरका सिनियर डिभिजनल इञ्जिनियर सुरेश पौडेलले जानकारी दिए।

डिजाइन एण्ड बिल्डअनुसार गरिएको टेण्डरमा छनोट हुने निर्माण व्यवसायीले नै पुलको डिजाइन पेश गर्नेछन् । डिजाइन स्वीकृत भने विभागले गर्नेछ।

पुलको डिजाइन स्वीकृत भएको २९ महिनाभित्र निर्माण कार्य पूरा गर्ने गरी टेण्डर भएको छ । पुल निर्माणको कूल समय अवधि तीन वर्षको हुनेछ।

'डिजाइन यस्तै हुन्छ भन्ने अहिले नै भन्न सकिन्न, तर अन्य पुलहरुभन्दा गाडी गुड्नेभन्दा माथिको भाग आकर्षक र फक हुन्छ,' इञ्जिनियर पौडेलले भने-'बढीमा आठ महिनामा निर्माण व्यवसायी छनोट हुन्छन्, यसको ७ महिनाभित्र डिजाइन स्वीकृत हुन्छ र यो सात महिनासहित तीन वर्षभित्र पुल निर्माण सम्पन्न हुन्छ।'

सिग्नेचर पुल बनाउने चर्चासँगै यसअघि प्रस्तावित डिजाइन अनुसार पुलको दुईतर्फकै बस्तीका दर्जनौं घर हटाउनुपर्ने अवस्था देखिएपछि बस्ती प्रभावित नहुने गरी नयाँ डिजाइनमा बनाउने निचोडमा पुगेको इञ्जिनियर पौडेलले बताए। 'अहिलेको पुल समेत गरी ३० मिटर भित्र पुल बन्ने भएकाले वस्तीलाई असर नपर्ने देखिएको छ, यसै अनुसार डिजाइन बन्छ।'-पौडेलले भने।

रुपन्देही-२ का सांसद एवं पूर्व अर्थमन्त्री विष्णु पौडेलले एक दशकअघि तिनाउ नदीमा सिग्नेचर पुल बनाउन गरेको प्रतिबद्धता बल्ल कार्यान्वयनमा आएको बताए।

'२०७० को चुनावमै मैले तिनाउमा सिग्नेचर पुल बनाउने घोषणा गरेको थिएँ, तर आफू अर्थमन्त्री हुँदा २०७८/०७९ को बजेटमा तिनाउसहित १० वटा नदीमा सिग्नेचर ब्रिज बनाउने गरी रकम विनियोजन भएको थियो, तर हाम्रो सरकार ढलेपछि टेण्डर प्रकृयामा ल्याउन सकिएको थिएन,' पौडेलले भने-'चालु आर्थिक वर्षको बजेटमा रकम विनियोजन भएकाले यसपटक टेण्डर गर्न सफल भएको हो, अब बन्ने निश्चित भयो, टेण्डर भएपछि सपना पूरा भएकोमा खुशी लागेको छ।' पौडेलले विश्व बैंकसँग ऋण सहयोगका लागि धेरै लामो मेहनत गर्नुपरेको भन्दै अब निर्माण चरणमा जाँदा यसको गुणस्तर र समयमा सम्पन्न गराउन बुटवलवासीको निगरानी हुनुपर्ने बताए।

२०७८/०७९ को बजेटमा नेपालका विभिन्न १० नदीमा सिग्नेचर ब्रिज बनाउने गरी पौडेलले रकम विनियोजन पनि गरेका थिए। तर केपी ओली नेतृत्वको सरकार ढलेर अर्को सरकार बनेपछि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले ८ वटा पुललाई कटौती गरी तिनाउ र नारायणी नदीको पुललाई मात्र निरन्तरता दिएका थिए।

तत्कालीन अर्थमन्त्री शर्माले नारायणी नदीको मात्रै राखेर तिनाउको सिग्नेचर पुललाई पनि बजेटबाट हटाउन चाहेका, तर मन्त्रालयका कर्मचारीहरुले पौडेलको अवधारणाअनुसार नेपालमा पहिलोपटक सिग्नेचर ब्रिजको योजना ल्याइएको भन्दै पौडेलको निर्वाचन क्षेत्रको कटौती गर्न नमानेपछि तिनाउमा सिग्नेचर पुल बन्ने सुनिश्चित भएको हो।

यसअघि बुटवलमा विश्व बैंकका प्रतिनिधिले जनप्रतिनिधि र सरोकारवालासँग सिग्नेचर ब्रिजको आर्किटेक डिजाइन, यसले ओगट्ने क्षेत्र र पार्ने प्रभावका बारेमा छलफल गरेका थिए।

चिनियाँ, भारतीय, स्विस र नेपालका पुल विज्ञहरुसँगको परामर्शमा सिग्नेचर पुलको आर्किटेक र स्ट्रक्चर डिजाइन तयार हुनेछ।

सिग्नेचर पुल बनेसँगै छेउमा रहेको जितगढी किल्ला, युद्ध संग्रहालय, बुटवलको पुरानो बस्ती, लुम्बिनी र सिद्धार्थ केबलकार जस्ता पर्यटकीय स्थलको समेत पर्यटन प्रवर्धन हुने अपेक्षा गरिएको छ।

## एनपीएलः जनकपुरलाई हराउँदै लुम्बिनी प्लेअफमा



बुटवल । जनकपुरविरुद्ध महत्त्वपूर्ण जित निकाल्दै रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनी लायन्सले जारी नेपाल प्रिमियर लिग (एनपीएल)को प्लेअफमा आफूलाई सुरक्षित राखेको छ। लुम्बिनीले जनकपुरविरुद्ध ४ विकेटको जित हात पारेको हो। हारसँगै जनकपुर नेपाल प्रिमियर लिगबाट बाहिरिएको छ। यसअघि कर्णाली याक्स बाहिरिसकेको छ भने पोखरा एभेन्जर्स र चितवन राइनोजको पनि सम्भावना सकिएको छ।

शुक्रबार त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जनकपुरले दिएको १३३ रनको लक्ष्य लुम्बिनीले २०औँ ओभरको पहिलो बलमा पूरा गरेको हो। जनकपुरले २० ओभरमा ६ विकेट गुमाएर १३२ रनको योगफल तयार पारेको थियो।

जनकपुरविरुद्ध १३३ रन पछ्याउने क्रममा लुम्बिनीका सुमित महर्जन गोल्डेन डकआउट हुनपुगे। त्यसपछि आएका डार्सी शर्टले ३० रन जोडे। उनले २४ बलमा दुई छक्का र एक चौका प्रहार गरे। उनलाई कुरेले एलबीडब्लु धरापमा पारे। निरोशन डिकवेलालाई सञ्जय कृष्णमूर्तिले एलबीडब्लु धरापमा पारे। उनले २० बलमा १७ रन जोडे। त्यसैगरी कप्तान रोहित पौडेलले ३२ बलमा ३४ रन हान्दै आउट भए। आशा गरिएका ब्याट्सम्यान सन्दिप जोराले पहिलो बल नै थेग्न सकेनन्। लुम्बिनीका लागि जेजे स्मितले २१ रनको योगदान गरे। रुबेन ट्रम्पलम्यान र दिलिप नाथले क्रमशः ६ र १५ रन बनाए।

बलिङतर्फ संगीत कुरेले ३, मायान यादव २, सञ्जय कृष्णमूर्तिले १ विकेट लिँदा अनिल साह, माज सदाकत, सचिन भट र आदित्य महत भने विकेटविहीन भए। जनकपुरले ११ अतिरिक्त रन दिएको थियो।

**जनकपुरको कमजोर इनिङ**

जनकपुरले सुरुवात नै राम्रो गर्न सकेन। लगातार विकेट गुमाउने क्रममा १३२ रनको योगफल बनायो। जनकपुरका लागि ओपनर माज सदाकतले ५ बलमा ६ रन बनाए। उनले एउटा छक्का मात्रै हाने। अर्को ओपनर आसिफ शेख पनि १७ बलमा २० रन बनाएर आउट भए। त्यसैगरी ट्रम्पलम्यानको एलबीडब्लु धरापमा परेका अनिल साह पनि टिक्न सकेनन्। उनले ७ रन बटुल्दा नट आउट रहेका संगीथ कुरेले भने सर्वाधिक ४५ रन बनाए। उनले ३८ बल खेले। यीबाहेक शुभ कंसाकार ११, सञ्जय कृष्णमूर्ति १४, जन निकोल लफ्टी इटन शून्यमा आउट भए भने मयान यादवले २७ रन जोडे। लुम्बिनीले जनकपुरलाई दुई रन मात्र अतिरिक्त दिएको थियो। बलिङतर्फ लुम्बिनीका जेजे स्मितले १, रुबेन ट्रम्पलम्यानले १, शेर मल्लले २ र रोहित पौडेलले दुई विकेट लिए। अभिशेष गौतम र तिलक भण्डारीले भने विकेट लिन सकेनन्।

## देउवा र ओलीबिच भेटवार्ता



काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्न नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली महाराजगञ्ज पुगेका थिए। ओलीको सचिवालयले दिएको जानकारीअनुसार देउवा दम्पती र ओली दम्पतीबिच भेटवार्ता भएको हो।

आरजू राणा देउवा ओली मन्त्रिपरिषद्मा परराष्ट्र मन्त्री थिइन्। भदौ २४ गते भएको आन्दोलनका क्रममा देउवा दम्पतीले निवासमै कुटाइ खाएका थिए भने ओली दम्पती बालुवाटारबाट हेलिकोप्टरमार्फत् बाहिरिएका थिए।

ओलीले श्रीमती राधिका शाक्यलाई लिएर देउवा दम्पतीलाई भेट्न उनको निवासमा गएका हुन्।

## मधेसको मुख्यमन्त्रीमा कांग्रेसका यादव नियुक्त

बुटवल । मधेस प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नियुक्त भएका छन्।

सात दलीय गठबन्धनको तर्फबाट दाबी पेस गरेका यादवलाई प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्त गरेका हुन्।

मुख्यमन्त्री यादवको शपथ आज शनिबार बिहान हुने प्रदेश प्रमुख कार्यालय स्रोतले जनाएको छ। शुक्रबार अपरान्ह सात दलीय गठबन्धनको तर्फबाट यादवले प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीको दाबी पेस गरेका थिए। नयाँ सरकार गठनको गृहकार्यमा लागेका सातदलसँग मधेस प्रदेशसभामा दुई तिहाईभन्दा धेरै मत छ।

यादवलाई कांग्रेससहित जसपा नेपाल, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीको समर्थन छ।

प्रदेससभामा एमालेका २५, कांग्रेसका २२, जसपा नेपालका १९, जनमतका १३, नेकपा माओवादी केन्द्र र लोसपाका ९-९, नेकपा एकीकृत समाजवादीका ७, नागरिक उन्मुक्ति, राप्रपा र संघीय समाजवादी पार्टीका १-१ सांसद छन्।

## प्रधानमन्त्री, राजनीतिक दल र सुरक्षा प्रमुखबिच चुनावी छलफल



बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले आह्वान गरेको सर्वपक्षीय बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बसेको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनबारे छलफल गर्न प्रधानमन्त्री कार्कीले बैठक आह्वान गरेकी भिईन्। बैठकमा निर्वाचन तयारी, सुरक्षा व्यवस्था र निर्वाचन वातावरणका विषयमा केन्द्रित रही छलफल भएको हो।

बैठकमा मन्त्रीहरू, नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत राजनीतिक दलका प्रतिनिधि सहभागी रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

सर्वदलीय बैठकमा कांग्रेसबाट महामन्त्री गगन थापा र पुष्पा भुसाल, एमालेबाट प्रदीप ज्ञवाली र महेश बर्तौला, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट प्रकाश ज्वाला सहभागी छन्।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट शिशिर खनाल र सोबिता गौतम, राप्रपाबाट राजेन्द्र गुरुङ र भुवन पाठक, जसपा नेपालबाट प्रकाश अधिकारी र जनमत पार्टीबाट नरेन्द्र चौधरी बैठकमा सहभागी छन्। बैठकमा निर्वाचन आयोगका पदाधिकारी र सुरक्षा निकायका प्रमुखसमेत सहभागी छन्।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य निर्वाचनलाई केन्द्रित गर्दै सरकारले सरोकारवाला पक्षसँग निरन्तर छलफल गर्दै आएको छ। निर्वाचनका लागि आयोगले दुवै निर्वाचनको कार्यतालिका यसअघि नै सार्वजनिक गरिसकेको छ। निर्वाचनमा भाग लिन भनी आयोगमा निवेदन दिएका दलहरूले निर्वाचन केन्द्रित गतिविधि अगाडि बढाइसकेका छन्।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८२ मंसिर २० गते, शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

मान्छेको निधारमा सधैँ कहाँ सूर्य उदाउँछ र ?
म चाहन्छु–
अर्थोक केही नसके एउटा नै सही
इतिहास बनिसकेको वर्जित सिमाना त पार गरूँ

**दिनेश अधिकारी**
('एक्लै हिंडदाको आनन्द' कविताबाट)

### क्लासिक कथा

# इभान इल्यीचको मृत्यु–६

**लेभ तोल्सतोइ**

*(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ। नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ। लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन्। सन् १९८४ मा राद्गुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा(कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो। ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो। उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन्। पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ। कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो। त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ।)*

इभान इल्यीच आफ्नो आसन्न मृत्यु देखिरहेका थिए। उनी जहिले पनि हतोत्साह रहन्थे।

भित्री हृदयदेखि नै उनलाई आफ्नो मृत्यु बोध भइरहेको थियो। परन्तु यस्तो विचारको बानी पार्नु मात्र उनलाई कठिन भएको नभई यो विचार नै उनको समझमा आउँदैनथ्यो र कसै गरेर पनि उनी यसलाई बुझ्न सकिरहेका थिएनन्।

अध्ययनकालमा उनले कीजेवटरको तर्कशास्त्रमा यस्तो संकेतानुमान पढेका थिएः "केयस मुनष्य हो। सबै मनुष्य नश्वर हुन्छन्, त्यसैले केयस पनि नश्वर छ।" त्यसपछि आफ्नो जीवनभरि नै यो संकेतानुमानलाई उनले केयसको सम्बन्धमा मात्र सत्य मान्दै आएका थिए, आफ्नो सम्बन्धमा चाहिं होइन। केयस मुनष्य थियो, केवल भाववाचक अर्थमा, तसर्थ यो संकेतानुमान पनि उसैमाथि लागू हुन्थ्यो। किन्तु इभान इल्यीच त अवश्य पनि केयस थिएनन्, न त भाववाचक अर्थमा नै मनुष्य थिए। उनी त अन्य सबै मनुष्यहरूभन्दा सदासर्वदा नै एकदमै विशिष्ट रहिआएका थिए। आमाबाबुको लागि उनी भान्या (इभानको स्नेहवाचक रूप) थिए। त्यसै गरी आफ्ना दाजु मीत्या र भाइ भलोद्याको साथै कोचवान र बुबुधाईको लागि पनि उनी भान्या नै थिए। आफ्ना खेलौनाहरूको लागि र पछि कात्यको लागि समेत उनी भान्या नै थिए। त्यही भान्याको रूपमा नै उनले बाल्यावस्था, किशोरावस्था र युवावस्थाका सबै सुखदुःख तथा हर्ष(विस्मातहरूपार गरेका थिए। के केयसले कहिल्यै त्यो मिठो बास्ना थाहा पाएको थियो होला र जुन छालाको त्यस भकुण्डोबाट आउनेगर्थ्यो जुन भान्यालाई असाध्यै प्यारो थियो ? के केयसले पनि कहिल्यै आफ्नी आमाको हात यति भावुकतापूर्वक चुमेको थियो होला र ? के केयलाई आमाको रेशमी लुगाको सरसराहट यति प्यारो लाग्नेगर्थ्यो र ? के केयसले पनि स्कूलमा पढ्दा केकको निम्ति उधुम मच्चाएको थियो होला र ? के केयसले अदालतमा कुनै मुद्दाको पैरवी हुँदा यति दक्षतापूर्वक सभा संचालन गरेको थियो होला र ?

'केयस वास्तवमा नश्वर थियो र उसको मृत्यु युक्तिसंगत र स्वाभाविक नै थियो पनि। तर मेरो अर्थात् भान्याको याने इभान इल्यीचको त कुरै अर्कै थियो। मेरा सारा विचार र भावनाहरूलाई दृष्टिगत गर्दा मेरो मृत्यु त कदापि उचित र न्यायसंगत हुनै सक्तैनथ्यो। यस्तो विचार नै अति भयावह थियो।'

उनको मनमा यस्तो तर्कना उठेको थियो।

'यदि मेरो पनि केयसको जस्तै मृत्यु हुनु अवश्यंभावी हुँदो हो त मलाई यसको बोध भैहाल्नेथियो। भित्रको आवाजले पक्कै पनि मलाई यस कुराको संकेत दिनेथियो। परन्तु मलाई यस किसिमको कुनै कुराको आभास भएको छैन। मेरो सृष्टि त्यसरी भएको नै होइन जसरी केयसको सृष्टि भएको थियो भन्ने कुरा त मलाई सदासर्वदा थाहा थियो र मेरा मित्रहरूलाई पनि थाहा छ। तर अहिले अचानक यो के हुन लागेको हो ?' उनले मनमनै विचार गरे। 'यो हुन सक्दैन, कदापि हुनै सक्दैन। यो असम्भव छ। तर पनि यस्तो हुन आँटिरहेको छ। यो कसरी हुन सक्छ ? कसरी बुझ्ने यसलाई ?'

उनले बुझ्नै सकेनन् र यस विचारलाई असत्य, भ्रमपूर्ण र कष्टकर ठानेर मनबाट नै निकालिदिने र त्यसको ठाउँमा सही र स्वस्थ विचार जागृत गर्ने चेष्टा उनले गरे। तर यो विचार फगत् विचार मात्रै थिएन, बरु यथार्थता थियो र त्यो बारम्बार उनको मनमा उब्जिरहन्थ्यो।

यस विचारको ठाउँमा उनले एक एक गरेर कैयौं अन्य विचारहरूलाई ल्याउने प्रयत्न गरे र यसबाट कुनै सहारा पाइनेछ भन्ने पनि आशा राखेका थिए। उनले फेरि पहिलेकै तरीकाले सोच्ने जमर्को गरे र मृत्युको विचारलाई बिर्सिदिन खोजे। तर अनौठो कुरा त के थियो भने जुन कुराले पहिले मृत्युको विचारलाई एक पर्दाले जस्तै गरेर छोपिराख्ने गरेको थियो, लुकाइदिनेगरेको थियो र अझ त्यसको अस्तित्वको समेत आभास हुन दिंदैनथ्यो त्यो अब चाहिं यस्तो गर्न असमर्थ थियो। पछिल्लो समयमा इभान इल्यीच फेरि पनि त्यसै विचारक्रमलाई ग्रहण गर्न खोज्दै थिए जसले गर्दा मृत्यु उनको नजरबाट ओझेल भइरहनेगर्थ्यो। खास गरी उनी मनमनै भन्नेगर्थेः 'मैले सरकारी काममा लागिपर्नु राम्रो हुनेछ। कुनै समयमा त्यही नै त मेरो जीवनको मुख्य लक्ष्य रहेको थियो।' यसरी आफ्नो मनबाट सबै प्रकारका आशंकाहरूलाई धपाएर उनी अदालतमा पुग्थे। त्यहाँ उनी आफ्ना साथीभाइहरूसँग कुराकानी गर्थे, सधैंको जस्तो गरेर उनीहरूको माझमा मेचमा बस्थे, बजराँठको काठबाट बनाइएको मेचका हाताहरूमा आफ्ना झीना हातहरू अड्याउँथे, अनि कचहरीमा भेला भएका मानिसहरूलाई आफ्नो पुरानै बानी अनुसार छेवैमा बसेको मान्छेतर्फ अलि झुक्ने गर्थे, मिसिलहरू यताउता सार्नेगर्थे, खासखुस गरेर केही भन्नेगर्थे, त्यसपछि एकाएक आङ तन्काएर र आँखिभौं खुम्च्याएर त्यही परिचित वाक्य उच्चारण गर्थे जसको साथसाथै अदालतको कार्यवाही शुरु भैहाल्थ्यो। परन्तु मुद्दाको कुनै पनि अंशको सुनुवाई भइरहेको किन नहोस्, अकस्मात् कोखामा च्वास्स घोच्तथ्यो र त्यसले भित्रभित्रै आफ्नै 'कार्यवाही' शुरु गरिहाल्थ्यो। इभान इल्यीच त्यसतर्फ कुनै विशेष ध्यान दिन चाहँदैनथे, त्यसको विचार समेत मनमा उब्जन नदिने चेष्टा गर्थे, तर त्यसले चाहिं आफ्नो करतूत जारी नै राख्नेगर्थ्यो, मानौं मृत्यु नै उनको सामुन्ने आएर ठिङ्ग उभिएको होस् र उनको आँखामा आँखा गाडेर हेर्न लागेको होस् ! इभान इल्यीच हड्बडाइहाल्थे, उनको आँखाको ज्योति फिका परिहाल्थ्यो र उनी फेरि एकपल्ट मनमनै प्रश्न गर्थेः 'के यही मात्र सत्य हो त?' उनका सहकर्मीहरू र मातहतका कर्मचारीहरू कुन कुरा देख्ता दुःख र आश्यर्चमा पर्न जान्थे भने त्यो मान्छे, जो सदैव नै एक प्रतिभावान् र सूक्ष्मदर्शी न्यायाधीस मानिन्थ्यो, अब चाहिं अन्योलमा पर्दै गल्तीहरू गर्न लागेको छ। उनी झसङ्ग हुन्थे, आफूलाई सम्हाल्थे र येनकेन




सुनुवाईको कार्य अन्त्यसम्म पुऱ्याउँथे। अनि घर फर्कन्थे। परन्तु हरहमेशा नै कुन निराशापूर्ण विचारले उनको चेतनालाई चिमोट्दै रहनेगर्थ्यो भने जुन कुरालाई उनले आफूलाई लुकाउन खोजेका थिए त्यसलाई पहिले झैं उनको अदालती कार्यवाहीले पनि अब लुकाउन सक्दैन। कुनै प्रकारको अदालती कामकार्यवाहीले पनि अब त्यसबाट छुटकारा पाउनमा उनको मद्दत गर्न सक्दैन। सबभन्दा खराब कुरा त के थियो भने त्यसले उनको सारा ध्यान नै आफूतर्फ खिच्नेगरेको थियो, उनलाई कुनै काम गर्न दिंदैनथ्यो, बरु उनले आफूलाई क्वारक्वारति हेरिरहून् भन्ने त्यसको चाहना हुँदो हो। असह्य यन्त्रणामा पिल्सिइरहनु सिवाय उनी अरु केही गर्न सक्तैनथे।

यस्तो मनस्थितिबाट मुक्ति पाउने उद्देश्यले इभान इल्यीचले अन्य सान्त्वनाहरू र अन्य बहानाहरू पनि खोज्ने जमर्को गरे। केही बहानाहरू भेट्टाइ पनि हालिन्थे र केही समयको लागि उनलाई त्राण पनि मिल्दथ्यो। परन्तु छिटै नै त्यो पनि फाटिहाल्थ्यो वा पारदर्शी भइदिन्थ्यो, मानौं मृत्युले जुनसुकै कुरालाई कुरालाई पनि छेड्न सक्दो होस् र कुनै पनि कुराले उसको बाटोमा छेकबार हाल्न नसक्दो होस् !

ती अन्तिम दिनहरूमा उनी यदाकदा आफ्नो त्यसै बैठककोठामा जाने गर्थे जुन कोठालाई उनले त्यत्रो भूभारत गरेर सजाएका थिए। त्यसै बैठककोठामा उनी लडेका थिए र त्यसैको कारणले गर्दा उनी अहिले आएर आफ्नो जिन्दगीबाट नै बिदा लिंदैछन्। यस विचारले उनको ओठहरूमा मुस्काको एक रेखा पऱ्यो। जुन दिन उनी लडेका थिए त्यसै दिनदेखि उनको रोग शुरु भएको थियो भन्ने उनलाई पक्का विश्वास थियो। त्यस बैठक कोठामा नै उनी एकपल्ट पसे र त्यहाँ पालिशदार सफा टेबिल एक ठाउँमा निकै नै कोरिएको भेट्टाए। यो कसरी भयो ? त्यसको कारण पनि उनले छिटै नै ठम्याइहाले। फोटो अल्बम सिंगार्ने काँसको किलिपको टुप्पो थ्याप्चिएको पाइयो। उनले अल्बम हातमा लिए। त्यो अल्बम ज्यादै दामी थियो र उनले त्यसमा स्वयं नै बडो ध्यानपूर्वक तस्बीर सजाएका थिए। बाहिरको जिल्ला झुत्रो भैसकेको थियो भने भित्रका तस्बीरहरू उप्केर उल्टोपुल्टो पर्न गएका थिए। उनलाई आफ्नी छोरी र उसका सहेलीहरूको बेवास्ता देखेर खूब रीस उठ्यो। उनले बडो मेहेनत गरेर तस्बीरहरू ठीकसँग मिलाए र कुच्चिएको किलिप पनि सोझ्याइदिए।

त्यसपछि फोटो अल्बम लगायत यो सब सरसामान नै कोठाको अर्को कुनामा सारिदिने उनलाई विचार सुझ्यो जहाँ फूलका गमलाहरू राखिएका थिए। उनले नोकरलाई डाँके। कहिले उनकी पत्नी त कहिले छोरी पनि मद्दत गर्न आइपुग्यो। परन्तु कोही पनि उनीसँग सहमत हुँदैनथ्यो। उनलाई यो झमेला कत्ति पनि मन परेन। उनले सम्झाउने पनि कोशिस गरे, तर कसैले पनि उनको कुरा मान्न चाहेन। उनी जंगिए। जे होस्, यो सब राम्रै भयो, किनभने यसले गर्दा उनले मृत्युको कुरा बिर्से। त्यो उनको दृष्टिमा परेन।

किन्तु उनी स्वयं नै टेबिल सार्न अग्रसर भएको देख्नेबित्तिकै उनकी पत्नीले भनिन्: "पर्खनुस् ! नोकरहरूले नै यो काम गरिहाल्छन् नि ! तपाईलाई फेरि चोट लाग्न सक्छ !"

अनि एकाएक त्यो फेरि पर्दाको पछिल्तिरबाट सुट्ट निस्किहाल्यो र उनको सामुन्ने नै खडा भैहाल्यो। त्यो फेरि अलप भएर जानेछ भन्ने उनले ठानेका थिए। परन्तु कोखाको पीडा फेरि उनलाई अनुभव हुन लाग्यो। त्यो पीडा जहाँको तहीं थियो र भित्रभित्रै त्यसले उनलाई सताइरहेको थियो। उनी त्यसलाई बिर्सन सक्तैनथे। त्यसले त गमलाहरूको पछिल्तिरबाट उनैतर्फ सोझै ताकिरहेको थियो। यो सब के हो ?

'के साँच्ची नै यहाँ यिनै पर्दाहरूको नजीक मैले आफ्नो मृत्युलाई निम्त्याएको रहेछु त ? ठीक त्यसै गरी जसरी धावामा जाँदा सैनिकले प्राण गुमाउँछ। के यो साँचो होइन र ? उफ्, कति भयान र कति मूर्खतापूर्ण ! यो हुनै सक्दैन ! यो असम्भव छ...तर यो सत्य हो !'

उनी आफ्नो अध्ययन(कक्षमा गएर पल्टिहाले। त्यहाँ पनि उनले त्यसलाई आफ्नो सामु नै देखे। त्यो आँखामा आँखा जुधाएर उभिइरहेको थियो। उनी त्यसलाई पन्छ्याउन एकदमै असमर्थ थिए। उनी टुलुटुल त्यसलाई ताकेर हेर्दै बिस्तार(बिस्तार चिसिंदै मात्र जान सक्थे।

इभान इल्यीच बिरामी भएको तीन महिनाभित्रै यस्तो कसरी हुन गयो त्यो भन्नै गाह्रो छ। किनभने यो ज्यादै सुस्तसुस्त र अदृश्य ढंगले हुन गएको थियो। कहिलेसम्ममा उनले आफ्नो ठाउँ खाली गर्नेछन्, जीवितहरूलाई आफ्नो यस्तो स्थितिको झञ्झटबाट कति छिटो छुटकारा दिलाउने छन् र स्वयं नै आफ्ना यन्त्रणाहरूबाट मुक्ति पाउनेछन् भन्ने मात्र अब अन्य मानिसहरूको उनीप्रति रुचि बाँकी रहन गएको छ। उनकी पत्नी, छोरी, छोरा, नौकरचाक, इष्टमित्र, डाक्टर र खास गरी स्वयं उनैलाई पनि यो कुरा थाहा भैसकेको थियो।

उनलाई अब झन् झन् कम निद्रा पर्न लाग्यो। उनलाई अल्प मात्रामा अफीम र मार्फीनको सुई दिन थालियो। तर यसले पनि कुनै आराम भएन। शुरु(शुरुमा त यस अर्धचेतनावस्थामा मनको पिरलोबाट उनले केही मुक्ति पाउँथे, किनभने यो एक नयाँ अनुभव थियो। परन्तु छिट्टै उनलाई पहिले जस्तै वा अझ बढ्ता सास्ती हुन्थ्यो। त्यो अर्धचेतना अब शारीरिक पीडाभन्दा पनि कष्टकर हुँदै गइरहेको थियो।

डाक्टरहरूको निर्देशनबमोजिम उनको निम्ति विशेष प्रकारको भोजन तैयार पारिन्थ्यो। तैपनि उनलाई सबै कुला खल्लो लाग्थ्यो र खानाप्रति अरूचि बढ्दै गएर घीन समेत लाग्न थालिसकेको थियो।

उनको पट साफ गर्न पनि विशेष व्यवस्था गर्नुपरेको थियो। उनको निम्ति यो एक नयाँ यन्त्रणा बन्न पुगेको थियो जुन उनले दिनहुँ सहनुपर्थ्यो। फोहोर, दुर्गन्ध र संकोचको कारणले गर्दा केही सकस पर्ने गर्थ्यो भने अर्को एक जना मान्छेले पनि यसमा सघाउनुपर्ने हुँदा अझ बढी सकस हुन जान्थ्यो।

परन्तु यस अप्रिय काममा पनि इभान इल्यीचलाई एक कुराको सन्तोष लाग्थ्यो। भण्डारको रेखदेखकर्ता नोकर गेरासिम नै सधैं फोहोर सफा गर्न आउँथ्यो।

गेरासिम एक सुग्घरी र रातोपीरो गाउँले ठिटो थियो। उसलाई शहरतिरको खानपीनको निकै पोस लागेको थियो। ऊ सधें हँसिलो र रसिलो रहन्थ्यो। शुरु-शुरुमा त रुसी पोशाक लगाइराख्ने यस सफासुग्घर ठिटोले यस्तो घिनलाग्दो काम गरिरहेको देख्दा इभान इल्यीचलाई ज्यादै अप्ठेरो लागेको थियो।

एकपल्ट इभान इल्यीच कोपराबाट उठ्न त जुरूक्क उठे, तर पतलून माथि तान्ने समेत सनमा ताकत बाँकी रहने। उनी आरामकुर्सीमा फ्यात्त बसे। उनी भयातुर आँखाले आफ्ना नाङ्गा पिंडौलातर्फ ताक्न लागे। पिंडौलामा फितलो मस्सल तुर्लुङ्ग झुण्डिरहेको देखिन्थ्यो।

त्यतिखेर नै हिउँदको ताजापन र आफूले लगाइराखेको बाक्लो बूटमा लागेको कोलतारको मगमग बास्ना छर्दै हलुका तर दरिलो पाइला सार्दै गेरासिम भित्र पस्यो।

उसले सुकिलो सूती कमीज र त्यसमाथि घरबुना कपडाको सफा इस्टकोट पनि लगाइराखेको थियो। कमीजको बाहुला माथि सारिएको थिया, तसर्थ उसको तरुण र हृष्टपुष्ट पाखुरा खुलै थियो। सके जीवनको उमङ्गले भरिपूर्ण उसको रातोपीरो अनुहार देखेर रोगीको चित्त नदुखोस् भन्ने हेतुले ऊ इभान इल्यीचतर्फ हेर्दै नहेरीकन सरासर कोपरानेर पुगिहाल्यो।

"गेरासिम !" इभान इल्यीचले झिनो आवाजमा बोलाए।

गेरासिम झसङ्ग भयो। उसबाट कुनै गल्ती त भएन कतै भन्ने विचारले ऊ अलि डरायो पनि। उसले आफ्नो भर्खरै मात्र झुसे दाह्री उम्रन थालेको तरुनो, विनम्र, सरल र दयालु अनुहार झटपट रोगीतर्फ फर्कायो।

"किन र हजूर ?"

"तँलाई यो काम ज्यादै नराम्रो लाग्दो हो। मलाई माफ गर! म आफै यो गर्न सक्दिनँ !"

"के भनिबक्स्या, हजूर ?" गेरासिम मुसुक्क हाँस्यो र यसले गर्दा आँखा चम्किला देखिए र मजबूत सेता दन्तलहर झलमल्ल भयो। "मैले किन हजूरको सेवा सुश्रुषा नगर्ने र ? हजूर जो हो बिरामी होइबक्सिन्छ त !"

आफ्ना जब्बर र दक्ष हातले उसले आफ्नो नियमित काम गऱ्यो र चाल मारेर कोठाबाट बाहिरियो। पाँच मिनेटपछि नै फेरि ऊ त्यसरी नै चाल मारेर भित्र पस्यो।

इभान इल्यीच त्यतिखेर पनि आरामकुर्सीमै यथावत् बसिरहेका थिए।

नोकरले सफा गरी धोएको कोपरा पहिलेकै ठाउँमा राखिदियो।

"गेरासिम !" इभान इल्यीचले भने। "खै, अल वर आइज त! लौ, मलाई केही सहारा दे त !"

गेरासिम मालिकनेर पुग्यो।

"मलाई उठाइदे ! म आफै उठ्न सक्दिनँ। दिमित्री पनि यहाँ छैन। उसलार्य मैले बाहिर पठाएको छु।"

गेरासिम अलि निहुरियो र आफ्ना जब्बर हातले इभान इल्यीचलाई उसले बिस्तारै बडो जतनका साथ उठाइदियो। उसको स्पर्श त्यत्तिकै हलुका थियो जति उसको पाइलाको चाल! उसले एक हातले उनलाई थामिराखेको थियो भने अर्को चाहिं हातले उनको पतलून माथि सारिदियो। अनि उसले आरामकुर्सीमा उनलाई बसालिदिने जमर्को गऱ्यो। परन्तु इभान इल्यीचले उसलाई सोफातर्फ डोऱ्याउने अनुरोध गरे। गेरासिमले सजिलैसित उनलाई झण्डै झण्डै बोकेर नै सोफासम्म पुऱ्यायो र त्यसमा बसालिदियो।

"धन्यवाद ! तँ ज्यादै टाठो छस् र काम पनि राम्रो गर्छस् !"

गेरासिम फेरि मुसुक्क हाँस्यो र बाहिर निस्कने तरखर गर्न लाग्यो। किन्तु इभान इल्यीचलाई उसको उपस्थिति निकै राम्रो लागिरहेको थियो र उसलाई उनले बाहिर जान दिएनन्। "ल, त्यो मेच पनि यता ल्या न ! त्यो होइन, त्यसको नगिचैको चाहिं ! त्यसैमा मेरा गोडा पनि राखिदे ! गोडा माथि रहँदा मलाई आराम हुन्छ !"गेरासिमले मेच ल्यायो। अलिकति पनि आवाज नआउने किसिमबाट हलुकासाथ उसले त्यसलाई थपक्क भुईंमा राखिदियो। अनि इभान इल्यीचको गोडा उचालेर त्यसैमा बिसाइदियो। गेरासिमले गोडा माथि उठाउँदा आफूलाई केही आराम भएको जस्तो इभान इल्यीचलाई लाग्यो।

"गोडा अग्लो ठाउँमा रहँदा मलाई सजिलो लाग्ने गर्छ" इभान इल्यीचले भने, "ऊ त्यो तकिया पनि ल्याएर मेरा गोडामुन्तिर राखिदे न !"

गेरासिमले त्यसै गऱ्यो। उसले इभान इल्यीचको गोडा उचालेर मुन्तिर तकिया हालिदियो। यसपल्ट पनि गेरासिमले गोडा उचाल्दा उनलाई निकै सन्चो लाग्यो। तर गोडा तल झार्दा चाहिं कसो कसो अप्ठ्यारो लाग्न थाल्यो।

"गेरासिम, अहिले कामको चटारो छ कि कसो ?" उनले सोधे।

"छैन, हजुर !" मालिकहरूसँग कसरी कुरा गर्नुपर्छ भन्ने त गेरासिमले शहरिया मान्छेहरूबाट सिकिराखेकै थियो।

"अरु के काम गर्नुछ नि तैंले ?"

"के हुनु र हजूर ! सब काम सिध्याइसकें। भोलिको लागि अलिकति दाउरा चिर्नु बाँकी छ। बस्, त्यत्तिकै हो।"

"के तँ अलि बेर मेरा गोडा माथि उचालेर समाति राख्न सक्दैनस् त ?"

"किन नसक्नु र, हजूर !"

गेरासिमले इभान इल्यीचका गोडा माथि उचाल्यो। यस्तो स्थितिमा दुखेको नै कत्ति अनुभव नभइरहेको जस्तो उनलाई लाग्न थाल्यो।

"दाउरा कसरी चिर्छस् नि ?"

"धन्दा नगरिबक्स्योस्, हजूर ! म भ्याइहाल्नेछु !"

इभान इल्यीचले गेरासिमलाई बस्ने आज्ञा दिए। अनि गोडा उचालेर आफूसँग कुरा गर्न पनि अह्राए। अनौठो कुरो त के थियो भने गेरासिमले उनका गोडा उचालि राखुञ्जेल उनलाई वास्तवमा नै हाईसन्चो अनुभव भइरहेको थियो।

त्यसै बेलादेखि इभान इल्यीच कहिलेकाहिं गेरासिमलाई आफूकहाँ बोलाउँथे र उसको काँधमा आफ्ना गोडा बोकाउने गर्थे। त्यतिखेर नोकरसँग कुराकानी गर्दा उनलाई मजा लाग्थ्यो। गेरासिम जुन काम कुरो पनि सजिलैसित, राजीखुशीसँग र हाँसीहाँसीकन पूरा गर्थ्यो जसले गर्दा इभान इल्यीच ज्यादै प्रशन्न हुन्थे। गेरासिमलाई छोडेर घरमा अरु मानिसहरूलाई स्वस्थ, रातोपीरो र स्फूर्तिलो देख्दा इभान इल्यीच डाहले गर्दा मनमनै चिढिन्थे, तर गेरासिमलाई हँसिलो(खुसिलो र बलियो(फूर्तिलो देख्दा भने उनी रिसाउनुको सट्टा रमाउँथे।

इभान इल्यीचलाई सबभन्दा बढ्ता दुःख कुन कुराले हुन्थ्यो भने सबका सब नै उनीसँग झूठो कुरा गर्नेगर्थे। किन हो कुन्नि, सबै नै के भन्ने गर्थे भने उनी बिरामी मात्र परेका छन्, मर्न लागिरहेका छैनन् र धैर्यपूर्वक औषधि(उपचार गर्दै गएमा उनी फेरि तगडा भैहाल्नेछन्। जेसुकै गरे पनि अब आफ्नो स्वास्थ्य सुध्रन सक्दैन, बरु उनको सकस बढ्दै जानेछ र आखिर उनको मृत्यु हुनेछ भन्ने उनलाई राम्रैसँग थाहा थियो। तसर्थ यस्तो झूठो कुराबाट उनलाई कष्ट हुन्थ्यो। साँचो कुरा के हो भन्ने सबैलाई थाहा थियो। स्वयं उनलाई पनि थाहा थियो। तैपनि उनको भयंकर अवस्थाको कारणले गर्दा सबै नै यस झूठो कुरालाई उनीमाथि थापर्दैगइरहेका थिए र उनले पनि यस असत्यलाई सत्य मानून् भनेर उनलाई विवश गर्न खोज्थे। जतिखेर उनी मृत्युको घाटमा पुग्नै आँटिसकेका थिए त्यस बखत उनीमाथि यस्तो झूठो कुरा थोपर्नु भनेको उनको मृत्युको गम्भीर र गरिमामय क्रियालाई तल्लो स्तरसम्म गिराउनु सरह थियो अर्थात् त्यो स्तरसम्म तल खसाल्नु सरह थियो जहाँ मान्छेहरू एक अर्काको घरमा पाहुना बन्न जान्छन्, भोजन गर्छन्, ओसेत्रिना माछाको परिकार चाख्छन् र बैठक कोठामा बसेर गफ हाँक्छन्। यो कुरा सोच्दा इभान इल्यीचलाई जस्तो कष्टको अनुभव हुन्थ्यो त्यसको बयान गरी साध्य नै हुँदैन। अनि अनौठो कुरा त के भने कति हो कति पटक उनले आफूप्रति उनीहरूबाट यस्तो बनावटी ढोंग गरिंद्या उनले झर्केर ठाडै भन्ने सुर कसेका थिएः 'झूठो कुरा गर्नुपर्दैन भो ! मेरो मृत्यु टाढा छैन भन्ने कुरा तपाईलाई थाहा छ, अनि मलाई पनि थाहा नभएको होइन। तसर्थ कमसेकम झूठो त नबोल्नोस् !' परन्तु यस्तो भनिहाल्ने आँट चाहिं उनले कहिल्यै पनि गरेनन्। उनलाई कुन कुराको राम्रो बोध थियो भने उनको वरिपरि रहेका सबै मान्छेहरू उनको मृत्युको गम्भीर र भयावह क्रियालाई एक अप्रिय घटना ठान्छन् र केही हदसम्म अशिष्टता समेत मान्छन् -त्यसरी नै जसरी बैठककोठामा पस्नेबित्तिकै पादेको गन्ध फैलाउने व्यक्तिलाई अशिष्ट मान्ने गरिन्छ, मानौ उनी शिष्टाचारका ती नियमहरूको उल्लंघन गरिरहेका होऊन् जसलाई स्वयं उनले जीवनाभर पालना गर्दै आएका थिए। कसैको पनि उनीप्रति सहानुभूति छँदैछैन, किनभने कसैले पनि उनको अवस्थालाई बुझ्न समेत खोजेको छैन भन्ने उनलाई लाग्नेगर्थ्यो। मेरासिम एक जना मात्रै यस्तो थियो जो उनको अवस्थालाई बुझ्न समेत खोजेको छैन भन्ने उनलाई लाग्नेगर्थ्यो। गेरासिम एक जना मात्रै यस्तो थियो जो उनको अवस्थालाई राम्रो बुझ्थ्यो र उनीप्रति सहानुभूति पनि राख्थ्यो। यसैउसले गर्दा नै उसलाई आफ्नो साथमा पाउँदा इभान इल्यीच निकै खुशी हुन्थे। कहिलेकाहिं त गेरासिम उनका गोडाहरू थामेर सारा रात नै छर्लङ्गै काट्ने गर्थ्यो र जति कर गरे पनि ऊ सुत्न समेत जाँदैनथ्यो। ऊ भन्नेगर्थ्यो, "चिन्ता नगरिबक्स्योस्, हजूर ! म पछि सुतुँला !" अनि कहिलेकाहिं त एकाएक बढी घनिष्टता जनाउँदै 'तिमी' भन्ने शब्द प्रयोग गर्दै यस्तो भन्थ्यो, "तिमी थला परेका छौ। मैले हेरविचार किन नगर्नु र ?" गरोसिम नै एक यस्तो मान्छे थियो जो कहिल्यै पनि झूठो बोल्दैनथ्यो। उसको हरेक कामबाट के थाहा पाइन्थ्यो भने यथार्थ स्थितिलाई बुझ्न सक्ने मान्छे ऊ एक जना मात्रै छ र त्यसलाई लुकाउनुपर्ने पनि ऊ कुनै जरुरी ठान्दैनथ्यो। मालिकको शक्ति बिस्तार-बिस्तार क्षीण हुँदै गइरहेको देखेर उसको मनमा दया उब्जेको थियो। एकपल्ट उसलाई इभान इल्यीचले कतै बाहिर पठाउन लाग्दा त उसले ठाडै भनिदिएकको थियो- "एक दिन सबैले मर्नैपर्छ क्या रे ! यस बेला म हजूरको सेवासुश्रुषा किन नगरुँ ?"

यस किसिमबाट गेरासिमले के प्रष्ट पारिदिएको थियो भने इभान इल्यीचको सेवा गर्नुपरिरहेकोमा उसलाई कत्ति पनि कष्ट भइरहेको छैन, किनभने ऊ एक यस्तो व्यक्तिको सेवा गर्दैछ जो मर्न लागिरहेको छ र उसलाई कुन कुराको पनि आशा छ भने जतिखेर उसको पनि मिति आइपुग्नेछ त्यस बखत कसैले उसको पनि सेवासुश्रुषा गर्नेछ।

ढाँट कुरा त छँदै थियो, त्यसदेखि बाहेक इभान इल्यीचलाई सबभन्दा बढी यन्त्रणा दिने अर्को कुरा थियो-उनीप्रति कसैको पनि यस्तो सहानुभूति नहुनु जस्तो उनी चाहन्थे। लामो समयको संकष्ट भोगिसकेपछि इभान इल्यीचलाई कहिलेकाहिं कसैले एक रोगी बालकलाई जस्तै आफूलाई स्याहारसुसार गरोस् भन्ने तीव्र इच्छा हुनेगर्थ्यो। एक बिरामी बालकलाई जसरी फकाइन्छ-फुल्याइन्छ त्यसरी नै कसैले उनीसँग पनि लाडिलो भएर कुरा गरिदेओस्, उनसलाई मुसारोस्, र म्वाइँ खाओस्, उनको अवस्थामाथि आँसु चुहाओस्, उनीप्रति दयामाया जनाओस् भन्ने उनको चाहना हुन्थ्यो। यो असम्भव छ भन्ने पनि उनलाई थाहा नभएको होइन। एक त उनी न्यायसमितिका प्रतिष्ठित सदस्य थिए, अनि अर्को कुरा-उनका दाह्री जुँगा समेत फुल्न लागिसकेका थिए। तसर्थ यो कसरी हुन सक्थ्यो र ? तैपनि उनलाई यसको चाहना थियो। यसै चाहनासित अलि अलि मिल्दोजुल्दो कुरा उनी गेरासिमको व्यवहारबाट पाउनेगर्थे। त्यसैले गर्दा जतिखेर गरोसिम नजिकै हुन्थ्यो, उनलाई पनि त्यतिखेर सान्त्वना प्राप्त हुन्थ्यो। इभान इल्यीचलाई रून मन लाग्थ्यो। कसैले उनीप्रति सहानुभूति प्रकट गरोस् र उनको अवस्था देखेर आँसु चुहाओस् भन्ने उनको चाहना थियो। त्यसै बेला शेबेक उनलाई भेट्न आयो। ऊ पनि न्यायसमितिको सदस्य हो र इभान इल्यीचको सहकर्मी पनि हो। उसको अगिल्तिर इभान इल्यीच रून सक्तैनन्, न त उसबाट लाडप्यारको नै आशा राख्न सक्छन्। यसैउसले उनी गम्भीर, कठोर र विद्वता राख्न सक्छन्। यसैउसले उनी गम्भीर, कठोर र विद्वतापूर्ण मुखमुद्रा बनाउँछन् र अपील अदालतद्वारा लिइएको निर्णयको महत्त्वबारे अञ्जानमा नै आफ्नो राय दिने र बडो दृढतापूर्वक त्यसको पुष्टि गर्ने प्रयत्न गर्छन्। इभान इल्यीचको जीवनका अन्तिम दिनहरूलाई कटु तुल्याउन सबभन्दा बढ्ता विष छर्ने कुनै कुरा थियो भने त्यो थियो यही झूठ जुन उनको भित्र र बाहिर सबैतिर व्याप्त थियो।

*(क्रमश...)*

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

## पुस्तक चर्चा

# यौन प्रकृतिवादमा लम्पट 'मिस जुली' नाटक



एच.के. श्रेष्ठ

साहित्य यस्तो विदा हो जो विश्वव्यापी रुपमा सामाजिक दर्पणको भिहिकल् (सवार साधन) बनेर विश्व समाज छिचल्दछ । यहि विशेषताले खांदिएको अन्तराष्टिय साहित्यको विश्व चर्चित नाटक हो 'मिस जुली' जसमा उठेका चीजहरु विश्वव्यापीकरणको छ । स्वीडिस विश्व प्रख्यात नाटककार अगष्ट स्ट्रिन्डवर्गले रचना गरेको नाटक 'मिस जुली' (सन १८८८) विश्वमै चर्चाको शिखरमा पुग्यो १९औं शताब्दीमा । यसो हुनुमा मुख्यत कसले लेखेको नाटक भन्ने कुराले भन्दा पनि के-कस्ता कुरा उठान भएका थिए त्यहाँ भन्ने धारणा प्रमुख रुपमा जिम्मेवार छ । नाटक 'मिस जुली' २५ वर्षे बराठे केटीलाई नायिकाको जिम्मा लगाएर मुख्यत यौन प्रकृतिवादकै (थिम -गुदी) मा लेखिएको छ, जुन अति रोचक पनि छ र एउटा विश्वमा आधुनिक, औद्योगिकरण र शहरीकरणको परिवेशमा अत्यन्तै धनी बाउको छोरी 'मिस जुली' निकै सुखसयल तथा आरमदायी बंगलामा बसेकी छिन् । उनको घरमा २ वटा नारी, पुरुष दुवै लिङ्गका नोकर चाकरसमेत छन्, उनलाई सेवा दिन । तिनै मिस जुली यौन प्रकृतिवादको नायिकाको रुपमा प्रस्तुत छिन् ।

मुख्यत प्रकृतिवादी कुरा उठ्दा यहाँनिर प्रकृतिवाद खास प्रकृतिसँग नजिकको कुरा हो । यो मान्छेले नबनाएको प्रकृतिले आफैं उत्पत्ति गरेको तत्वहरुसँग सम्बन्धित छ । तर यसलाई १९औं शताब्दीको अन्त्यमा विशेष गरी प्रकृतिवादी लेखन तथा साहित्यकारले एक आन्दोलनकै रुपमा चलाए र यो साहित्यको क्षेत्रमा प्रकृतिवादी आन्दोलनको रुपमा स्थापित भयो । यसमा थुप्रै अगवा स्रष्टाहरु जस्तै एमाइल् जोल, स्टेफेन, क्रेन, फ्रान नोनिस, पिरन्डेलो, अगष्टस्ट्रिडवर्ग, वनिललगायतले योगदान गरेका छन् । अवधारणागत ढङ्गले बुझ्दा प्रकृतिवाद अतिवास्तविकतावाद(एक्स्ट्रिम रियालिज्म्) हो । यो सामाजिक नियमविरुद्धको प्राकृतिक नियमको ट्र्याक हो । दार्शनिक रुपले ट्रान्सेन्ट्डेन्टलिज्म्सँग नजिक छ यो । अझ अगाडि बुझ्दा डार्विनियन विज्ञानसँगको गाँठो जो जीवनको चिरालाई सर्लक्क देखाउन खोज्छ ।

यो बाह्य वातावरण तथा सामाजिक नीति नियमको प्रभाव विनाको अवस्था हो । यसले मानव जीवनको हुवहु पद्धतिलाई फोटो ग्राफिक ढंगले प्रस्तुत गर्दछ । मानवको अन्तर आत्माको अनभव, उत्तेजन र विचारलाई जस्ताको तस्तै विना हिच्किचावट व्यक्त गर्ने जनावरीय प्रक्रियाको अवधारणा हो । सरल रुपले हेर्दा वास्तविकताले नछोपिंदाको अवस्था प्रकृतिवाद हो । यसले नाङ्गोपनलाई उदाङ्गो रुपमा वकालत गर्दछ । तसर्थ प्रकृतिवादलाई वास्तविकतावादको भित्रि फोल्ड मान्न सकिन्छ ।

अगष्ट स्ट्रिन्ड्वर्गको नाटकको प्रमुख पात्र हिरोनी 'मिस जुली' यौन प्रकतिवादको चक्रब्युँहमा कसरी फसेकी छिन् भन्ने प्रश्न गम्भीर र रोचक ढंगले प्रस्तुत छ । यौन प्रकृतिवादले पनि प्रकृतिवादकै विशेषता अनुरुप यौन अवस्थालाई प्रस्तुत गर्ने हो । २५ वर्षे बराठ तरुनी केटी खाइलाइले मत्याएर राखेको धनी बाउको छोरीमा यौन रस छताछुल्ल भई अंग अंगमा बाढी नै चलेको छ । नौनि आगोको छेउमा पर्ने बित्तिकै पग्लने जस्तै विपरीत लिंगको राप टाढैबाट पाउन बित्तिकै उनीमा जमेको कामुकताको ढिको ह्वात्तै पग्लेर वर्षाको भेल उर्लने वाला छ । लत्ताकपड, ऐस-आराम, खानपान, मनोरञ्जन कुनै कुरामा कतै किन्चित कमि छैन मिस जुलीलाई । सुन्दर बगैंचासहितको बंगालोमा राखिदिएका छन् उनलाई धनाढ्य बुबाले ।

स्याहार सुसारको लागि पुरुष र महिला नोकर नोकर्नी छन्, घरमा जीन र क्रिस्टाइन । भौतिक सुविधामा चुलुम्म डुबेकी छिन् जुली । वास्तविकतावादको संसारमा भने स्वर्ग छ, उनलाई । तर पनि जुलीमा कताकता सन्तुष्टि छैन, अभावले आक्रान्त पारिरहेको महसुस छ उनलाई । उनको जीवन बेस्वादको अधुरो अनुभूति छ, उनीभित्र । त्यो के हो भने यौनतृष्णको पूर्ति भएको छैन । नशानशा र सेलसेलमा भरिएका यौन रसहरु र जुर्मुराएर बसेका यौन अगंहरुलाई अधिकतम सन्तुष्टिको बाढीमार्फत् निकास दिन नपाएर अपुग जीन्दगीको पिंजडामा छट्पटाइ रहेकी जुली अत्यन्त यौन हिस्टेरिक र कामुक शैलीमा रतिराग छचल्क्याएर बसेकी छिन् । अब उनी यौन क्रिडाको छुट्टै मज्जा त सपनामा लिइरहेकी छिन् । आफूसित नहुनेहरुलाई उत्प्राशन मात्र गर्ने होइन क्षोभ लगाउन तयार छिन् । सेक्सको आशंसाले सीमा नाघ्यो, उनमा । तै पनि यौन अध्यव सायमा छिन्, उनी ।

जुलीभित्र खाँदिएर रहेको र उम्लिएको कामवास्नाका तत्वहरु अब अन्तरनिहित रुपमा रहने वाला छैन , बरु एण्डीज र रक्की पर्वतमा ज्वालामुखी विस्फोट भएझैं र भयंकर रेक्टरको भूइँचालो गएझैं विस्फोट हुने वाला छ, कामवासनाका तत्वहरु । तसर्थ उनी अब सामाजिक नियम र वास्तवितावादको जेलमा कैद भइरहन सक्दिनन् । यसर्थ अब प्रकृतिवादलाई अंगालो मारेर यौन प्रकृतिवादमा उत्रन्छिन्, जुली । जुली आफैं एकलाई दुईमा ढालिसकेकी छिन् । यसको माने आफैंभित्र पुरुष पनि जन्माइसकेकी छिन् । अब सामाजिक नियम र वास्तविकतावादको जेलमा कैद भइरहन सक्दिनन् ।

यसर्थ अब प्रकृतिवादलाई अंगालो मारेर यौन प्रकृतिवादमा उत्रन्छिन्, जुली । जुली आफैं एकलाई दुईमा ढालिसकेकी छिन् । मानौ आफैंभित्र पुरुष पनि जन्माइसकेकी छिन् । अब सामाजिक बन्धन तोड्दै आफ्नै नोकर जीनलाई ग्रिक पौराणिक कथामा कामुक राक्षस डाइअनिसस्ले झैं लस्टफुट शैलीमा प्रस्ताव राखिन्छ । जनि नोकर सामाजिक नियम कानुन र बन्धन तोड्न डराउँछ । सामाजिक सम्बन्धको मान्यता नोकर वर्ग र मालिक वर्गको बिचमा ठूलो दुरी देख्छन् ।

वाताविकतावादबाट उछुट्टिएर प्रकृतिवादतर्फ अगाडि बढ्नै सक्दैन, यौन मामिलामा जीन । आफ्नो मालिक्नीप्रति यौन व्यवहार ऊ सोंच्न पनि सक्दैनन् । बरु समाजमा पाच्य हुने उसको आफ्नै तहको नोकर्नी क्रिष्टाइनलाई नै प्रेमिका बनाएको छ, उसले । ऊ यसैमा सन्तुष्ट छ । तर मालिक्नि जुली काउन्टको छोरी उसलाई यौन प्रकृतिवादकै चक्रब्यूँहमा पारेर उम्कनै दिँदैन । धर्म संकटमा छ, जीन । उसको मनमनमा सारा सामाजिक, धार्मिक, नैतिक तथा संस्कृतिक आतङ्कले शासन गरेको छ । जुलीको कोठामा जान पनि डराउँछ । बोल्न लजाउँछ । दायित्वभन्दा हजारौं माइल परेको कुरा सम्झन्छ । जुलीको बुबाको जुत्ता, कोट र कुनै पनि कपडालेजीन बत्रसित हुन्छ । यस्तो अवस्थामा सुन्दरी मालिक्नी मिस जुलीलाई छुने र रतिराग मेटिदिने त कल्पना पनि गर्न सक्दैन, जीन । तर यसरी उनले पार वाला छैन । जुलीको यौन पागलपनको कैदमा ऊ परिसक्यो । जुलीले कोठामा जबर्जस्ती बोलाउँछिन्, तान्छिन्, उसलाई अङग-प्रत्याङ्ग प्रदर्शन गर्छिन् कामुक भावमा । आई सेक्सदेखि कुनै पनि प्रक्रिया बाँकी राख्दिनन् । डर छेरुवा जीनको हातै समातेर आफ्ना पाकेर प्वाट्ट फुट्न लागेका रसिला स्तन र बटारिएका तिघ्रामा दलिदिन्छ ।

अनुरोध गर्छिन्, आदेश दिन्छिन्, झर्किन्छिन, रिसाउँछिन्, फकाउँछिन् र गर्नु नगर्नु गर्छिन् । बाबुको डर नमानी आफूमाथि मज्जाले खेल्न लगाउँछिन्, यौन गेम । तर जीनको हिम्मत चल्दैन । यसरी जीनमार्फत् वास्तविकतावाद (सामाजिक चालचलन) को प्रतिनिधित्व र मिस जुलीमार्फत् यौन प्रकृतिवाद (प्रकृतिवाद निरेक्षता) को द्वन्द्व देखाउँछिन्, नाटककार अगष्ट स्ट्रिन्डवर्ग नाटक 'मिस जुली' मा । यस नाटकमा यौनवाद तथा यौन प्रकृतिवादको मर्म कहाँनिर उठ्यो भने उनले एउटा महिलाभित्र सलबलाई रहेको कामुकताको पराकाष्ठोलाई छताछुल्ल रुपमा बाहिर घोप्ट्याइन, उनले । उनको यो अत्यन्तभित्रको अनुभव अनुभूति र उत्तेजनालाई वास्तविकतावादको कभरले गुम्स्याएर राख्न चाहिनन् । न त सामाजिक मान्याता घेरावन्दीलाई नै पछाइन उनले ।

अझ जेनिउन् चीज त के छ भने विज्ञानको नियमले कुनै पनि विपरीत लिङ्गको बिचमा यौन सर्म्पक संभव देखाउँछ । अर्थात् प्रकृतिवादले यौन जैविक आवश्यकता हो र विपरीत लिङ्गको जो-जो सुकैको बिचमा सम्पर्क र सम्बन्ध हुन सक्ने मान्यता राख्दछ । यसअनुसार बाबु-छोरी, धनी-गरिब, मालिक्नी र नोकर कुनै पनि ओहदाका बिच, जात तथा नातागोताको बिचमा यौन तृष्ण पूर्ति हुन सक्छ । यो त खाली समाजले नै विभिन्न संस्कारको नाममा बन्धन लगाएको मात्र हो ।

जनावरहरुले जहाँ पनि जहिले पनि नाङ्गो ढंगकले यौन सम्बन्ध राख्दछ । त्यही पद्धति जुलीले पनि अपनाएका छिन् । कुनै पनि बाह्य वातावरण प्रभाव यौन प्रकृतिवादमा पर्दैन । त्यही अनुरुप उनले लाज न घिन प्रस्तुत गरेकी छिन्, आफ्नो कामुक इच्छा पूर्तिका लागि । उनले सामाजिक वास्तविक मान्यतासँग विद्रोह गरेर नोकरै भए पनि विपरीत लिङ्गको पुरुषसँग यौन इच्छा मेट्न हुन्छ भन्ने मान्यताले अति पहल गरेको देखिन्छ । यसरी 'मिस जुली' नाटकले यौन प्रकृतिवादलाई सार्थक ढंगले विश्व समाज सामु उठाएको छ ।

## दर्शन संवाद

# जैन तथा बौद्ध धर्मबिचका समानता र विभेदहरू

निरीश नेपाल

हिमाली क्षेत्रको काखमा अवस्थित अति प्राचीन नेपाल राज्य प्राकृत धर्म, वैदिक धर्म, शैव धर्म, वैष्णव धर्म, शाक्त धर्म, बौद्ध धर्म र केही मात्रामा जैन धर्म समेतको क्रीडास्थल रहेको भन्ने कुरा नेपालको सांस्कृतिक इतिहासको अध्ययनबाट थाहा हुन्छ । त्यसैले पूर्वीय संसारका प्रायःजसो सम्पूर्ण धार्मिक दर्शनको प्रभाव नेपालीहरूको जीवनमा परेको पाइन्छ । यीमध्ये यहाँ जैन तथा बौद्ध धर्म बीचका समानता र विभेदहरूबारे केही चर्चा गर्ने प्रयास गरिएको छ । यस सम्बन्धमा नेपालको प्राचीन इतिहासको साथै भारतीय इतिहासबारे समेत केही चर्चा गर्नु आवश्यक देखिन्छ ।

अन्तराष्ट्रिय ख्यातिप्राप्त विद्वान्हरूबीच भने प्राचीन बौद्ध तथा जैन दार्शनिक आन्दोलनले भारतमा हलचल मचाएको ठीक कालखण्डबारे एकैमत रहेको पाइँदैन । तथापि बौद्ध तथा जैन दार्शनिक प्रणालीहरू यस भूखण्डमा ई.पू. छैठौं शताब्दीमा विकसि र विस्तार भएको देखिन्छ । यसैताका प्रमुख उपनिषद्हरूको संकलन पनि शुरु भैसकेको र एकदेववादी र बहुदेववादी विचारधाराहरू पनि समाजमा फैलिन थालेका थिए । आदर्शवादी इतिहासकारहरूको दृष्टिकोणमा प्राचीन संसारमा ई.पू. पाँचौं र सातौँ शताब्दी बीचको समयावधि बौद्धिक जागरण र आध्यात्मिक खोजीको समय रहेको भनाइ पाइन्छ । तर द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट हेर्दा सो समयमा दास र दास-मालिकहरूबीच, भू-दास र सामन्ती, सरदार र भारदारहरूबीच, सेठ-साहूकार र सामान्य जनताबीच अनि नेपाली र भारतीय समाजमा त ब्राह्मणवादी जातिप्रथा तथा कर्मकाण्डी अनुष्ठानहरू विरूद्धमा समेत विरोधका आवाजहरू उठ्न थालेको देखिन्छ । यसरी हुँदाखाने र हुनेखानेहरू बीचको संघर्ष घनीभूत भएकोले यही वर्ग संघर्षलाई मत्थर पार्ने उपायहरू पत्ता लगाउनका लागि शासक वर्गका प्रतिनिधि बुद्धिजीवीहरू बौद्धिक कसरतमा जुटेको देखिन्छ । उक्त समयमा युनानी दार्शनिक विचारहरूको शुरूवात, इजरायलमा देवदूत भनिनेहरूको उपदेश, चीनमा कन्फ्युसियस र फारसमा जरस्थ्रुका विचारहरू प्रतिपादन हुन थालेका हुन् । यसै समयमा बौद्ध धर्म र जैन धर्महरूको पनि प्रादुर्भाव भएको हो ।

नेपालको सन्दर्भमा हेर्दा यी दुवै धर्मले हाम्रो राष्ट्रिय जीवन र संस्कृतिमा एक या अर्को रूपमा प्रभाव पारेको देखिन्छ । किनकि बौद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतम हाम्रै देशमा जन्मी हुर्केका र विख्यात जैनाचार्य भद्रवाहु ई.पू. तेश्रो शताब्दीमा हाम्रो देशमा आएको वृत्तान्त नेपालको इतिहास र वंशावलीहरूमा पढ्न पाइन्छ । भाषा वंशावलीमा त रातो मत्स्येन्द्रनाथ भनिने नेपाली द्यौता एकताका जैन धर्मसित सम्बन्धित रहेको भनी उल्लेख पनि गरिएको छ । यसैगरी लिच्छवि राजा वृषदेव जैन धर्मबाट प्रभावित भएको भन्ने कुरा पनि उल्लेख भएको भेटिन्छ । यद्यपि वंशावलीमा पाइने यी कुराहरू पुष्टि गर्नका लागि कुनै पुरातात्विक प्रमाणहरू नभेटिए तापनि यस्ता भनाइले विद्वान्हरूलाई यस सम्बन्धी अध्ययन र अनुसन्धानका लागि एउटा नयाँ ढोका भने उघारिदिएको ठान्नु अन्यथा नहोला । नेपालीहरूले गर्ने, खास गरेर बौद्ध धर्मावलम्बीहरूले गर्ने, धर्मकर्मका कामहरूमा बौद्ध धर्मका प्रभावहरू अद्यापि देख्न सकिन्छ भने त्यसको तुलनामा जैन धर्मका प्रभावहरू देखिँदैन । तथापि नेपालीहरूले ब्रह्मा, शक्र (इन्द्र), सरस्वती जस्ता बौद्ध तथा जैन सम्प्रदायसित पनि सम्बन्धित द्यौता र द्यौतीहरूलाई समान रूपले पूजेको देखिन्छ । अनि नेपाली बौद्धमार्गीहरू जैनहरूले जस्तै चैत्य र यक्षहरूको पनि पूजा गर्दछन् ।

विभिन्न जैन ग्रन्थहरूको अध्ययन गर्ने हो भने जैन धर्मका पहिला तीर्थङ्कर ऋषभदेव वा "आदिनाथ" रहेको देखिन्छ, जसलाई "स्वयंभू" पनि भनिन्थ्यो । त्यस्तै अर्का एकजना तीर्थङ्करको नाम "नेमीनाथ" थियो । के काठमाडौँ उपत्यकाको चोभारका आदिनाथ र स्वयंभूको प्राचीन चैत्यसित जैन धर्मको केही सम्बन्ध छ ? साथै केही नेपाली वंशावलीहरूमा उल्लेख भए झैं आद्य समयमा नेमुनिले नेपालको पालना गरेको भन्ने किंबदन्तीसित "नेमिनाथ" को कुनै सम्बन्ध रहेको छ ? विक्रम संवत्को दुई वा तीन शताब्दीतिर जैन आचार्य समन्तभद्रले "स्वयंभूस्तोत्र"को रचना गरेका थिए । यी कुराहरू अनुसन्धानकै विषय हुन सक्छन् । उपरोक्त विषयवस्तुहरूमाथि विचार गर्दा नेपाली इतिहास र संस्कृति बुझ्नका लागि बौद्ध एवं जैन धर्मका आधारभूत कुराहरूसित सुपरिचित हुन आवश्यक देखिन्छ । यी दुवै धर्महरू समकालीन धार्मिक आन्दोलन हुन् । त्यसैले यी दुवै धर्महरूको बीचमा पाइने समानता र विभेदहरूको अध्ययनको निकै महत्व रहेको छ । छोटकरीमा ती समानता र विभेदहरूलाई निम्न बुँदाहरूमा केलाउन सकिन्छ :-

**समानताहरू :–**

१. विशुद्ध बौद्ध तथा जैन धर्मका सिद्धान्तहरू ई.पू. छैठौं र पाँचौ शताब्दी बीचको समयावधिमा प्रचलित ब्राह्मणवादका कडा वर्ण व्यवस्था र धार्मिक अनुष्ठानहरूकाविरुद्ध परिलक्षित सुधारात्मक दार्शनिक आन्दोलन थिए ।

२. बौद्ध तथा जैनहरूले ब्राह्मणवादका कर्मकाण्डी अनुष्ठानहरूको विरोध गरे तापनि दुवै सम्प्रदायले हिन्दू धर्मको सामाजिक व्यवस्थालाई स्वीकार गरेको देखिन्छ । किनकि दुबैले आफ्ना शिक्षा र दार्शनिक प्रणालीहरूमा हिन्दू दर्शनबाट नै धेरै कुराहरू लिएको देखिन्छ ।

३. केही विद्वान्हरू जैनहरूलाई तीभन्दा अघिका बौद्ध सम्प्रदायबाटैछुट्टिएका एक सम्प्रदाय भएको ठान्दछन् भने अन्य विद्वान्हरू बौद्धमार्गीहरूलाई जैन धर्मावलम्बीहरूबाटै अलग्गिएका सम्प्रदाय भएको मान्दछन् ।

४. जैन दार्शनिक प्रणालीमा २४ जना तीर्थङ्करहरूको नाम आउँछ । बौद्धमार्गीहरू पनि गौतम बुद्धभन्दा अघि २५ जनाबौद्धहरू भएको बताउँछन् । यसरी गौतम बुद्ध जैन धर्मका २४ जना प्रणेताहरूकै पराकाष्ठा वा परमोत्कर्ष भएको भन्न खोजिएको जस्तो देखिन्छ ।

५. गौतम बुद्ध र जैन धर्मका प्रवर्तक महावीर दुवै जना सामन्ती परिवारका सन्तति भएका, गृहस्थी जीवनलाई परित्याग गरेका, तपस्वी जीवनमा लागेका र आ-आफ्ना धार्मिक सम्प्रदायनिर्माणमा लागेका व्यक्ति थिए । यी कुराहरूका अतिरिक्त । महावीर चाहिँ बुद्धभन्दा जेठा थिए र धार्मिक रूपले हेर्दा उनी जस्तै ऐतिहासिक व्यक्तित्व पनि थिए । यसरी गौतम बुद्ध र महावीरको जीवन चरित्रमा निकै समानता रहेको देखिन्छ । ६. जैन धर्मका सिद्धान्तहरूको संग्रह र बौद्ध धर्मका सिद्धान्तहरूको संग्रहका ढाँचाहरू मिल्दाजुल्दा देखिन्छन् । किनकि तिनको मूल उद्देश्य छरिएर रहेका मूल पाठहरूलाई एउटै परिपाटीमा संकलन गरेर आफ्ना धर्मशास्त्रहरूको विस्तारलाई परिभाषित वा व्याख्या गर्नु रहेको देखिन्छ ।

७. बज्रयानी बौद्धमार्गीहरूले जस्तै जैनहरूले पनि सरस्वती, त्रिपुरासुन्दरी र यक्षिणीका मूर्तिहरू र चैत्यहरूको पूजा गर्दछन् । यी महिला देवीहरूलाई उनीहरू तीर्थाङ्करका शासनदेवीको रूपमा हेर्दछन् ।

८. जैन धर्मको अर्को विशेषता भनेको यस धर्मका पालनकर्ताले आफूले गरेको अपराधको सार्वजनिक रूपमा स्वीकार गर्नु हो, जुन अभ्यास बौद्ध धर्ममा पनि पाइन्छ । यस सन्दर्भमा जैनहरूले प्रयोग गर्ने "प्रतिक्रमण" भन्ने शब्दावलीले र बौद्धमार्गीहरूले प्रयोग गर्ने "पतिदेशनीय" भन्ने पाली भाषाको शब्दले झण्डै त्यही अर्थ दिन्छ ।

९. जैन धर्ममा शारीरिक दण्ड दिने जस्ता दश निर्धारित अंशहरूमध्ये तह घटुवा गर्ने "परिहार" भन्ने शब्द प्रयोग भएको देखिन्छ । यो शब्दले आफ्नो आचरण उल्लंघन गर्ने जैन साधु वा मुनिलाई एक प्रकारले अलग्गै राख्ने भन्ने अर्थ दिन्छ । बौद्ध धर्ममा पनि "परिवास" भन्ने शब्द प्रयोग भएको देखिन्छ । यसले बौद्ध धर्ममा दीक्षित हुन चाहनेहरूलाई परीक्षण कालमा राखिने कुरालाई जनाउँछ । यसरी यो शब्दको अर्थ "परिहार" शब्दको निकै नजिक देखिन्छ ।

१०. जैन धर्मावलम्बीहरू यो ब्रह्माण्डलाई एउटा चक्रको रूपमा हेर्दै त्यसको बीचमा मेरू पर्वत रहेको र त्यसकै वरिपरि जम्बूद्वीप अवस्थित रहेको विश्वास गर्दछन् । बौद्धमार्गीहरू पनि यो संसारको रचना त्यस्तै रहेको ठान्दछन् । यसरी जैनहरूको ब्रहमाण्डविज्ञान बौद्धमार्गीहरूको ब्रह्माण्डविज्ञानमा आधारित वा उस्तै देखिन्छ ।

११. बौद्ध धर्ममा श्रावक (सांसारिक व्यवसायमा लाग्नेहरू) र यति ( संन्यासी) गरी दुई सम्प्रदाय भए जस्तै जैन धर्ममा पनि श्वेताम्बर (सेतो वस्त्रधारी) र दिगम्बर (नांगा) गरी दुई सम्प्रदाय हुन्छन् ।

**विभेदहरू :–**

१. कठिन तपस्यामा विश्वास गर्नु नै जैन धर्मको प्रमुख सिद्धान्तरहेको छ । शरीरलाई कष्ट दिएर कठोर तपस्यामा लागे मात्र मुक्ति प्राप्त गर्न सकिने कुरामा उनीहरू विश्वास गर्दछन् । जबकि बौद्धमार्गीहरू कठिन तपस्याको सट्टा अष्टांग मार्ग अर्थात् मध्यम मार्गको वकालत गर्दछन् ।

२. जैन मतावलम्वीहरू आत्माको अस्तित्वमा विश्वास गर्दै आत्मालाईचेतनायुक्त, अपरिवर्तनशील, अभौतिक र अनन्त तत्व ठान्दछन् । जबकि बौद्ध धर्म तथा दर्शन आधारभूत रूपले अनात्मवादी र अनीश्वरवादी रहेको छ ।

३. जैन धर्मका प्रवर्तक महावीर आफैं निर्वस्त्र रहन्थे र उनका साधु चेलाहरूलाई पनि निर्वस्त्र हुन प्रेरित गर्दथे। जबकि बौद्ध भिक्षु तथा भिक्षुणीहरू वस्त्र लगाउँथे ।

४. जैन धर्मले जैन धर्ममा दीक्षित भएकाहरूले मात्र मुक्ति प्राप्त गर्नसक्ने कुराको शिक्षा दिन्छ, जबकि बौद्ध धर्मले साधु र गृहस्थीमा कुनै फरक देख्दैन । कुनै पनि व्यक्ति बौद्ध विहारमा प्रवेश गर्न सक्छ र बौद्ध धर्मशास्त्र पढिसकेपछि भिक्षु बन्न वा पुनः गृहस्थी जीवनमा प्रवेश गर्न ऊ स्वतंत्र हुन्छ ।

५. जैन एवं बौद्ध धर्म दुवैको मूलभूत विशेषता भनेको नै अहिंसाको सिद्धान्त हो । तर जैनहरू सास फेर्दा स-साना कीरासम्म पनि मुखभित्र नपसोस्, ननिलियोस् र नमरोस् तथा हिँड्दा पैतालाले कुल्चिएर यस्ता जीवहरू नमारियुन भनी सकभर बचाउ गर्दछन् । यसरी हेर्दा जैनहरू बौद्धहरूभन्दा बढी अहिंसक देखिन्छन् ।

६. जैन धर्मले आफ्नो विकास र विस्तारको क्रममा थुप्रै उतारचढाव झेल्नु परेको र यस सिलसिलामा भएको प्रगतिले पछि गएर सन्तुलन कायम भई जैन सम्प्रदाय स्थिर रहन पुगेको थियो । बौद्ध धर्म भने राजा-महाराजा जस्ता ठूला सामन्तहरूको समर्थन भेट्टाए पछि आश्चर्यजनक रूपले विकास र विस्तार हुन गएको देखिन्छ । प्राचीन भारतका राजा अशोक नै यस धर्मको प्रमुख प्रचारक भएपछि यसले ब्यापकता पाएको सबैलाई विदितै भएको कुरा हो । ।

७. आफ्नो धर्मविधान इतर साहित्यमा जैन धर्म निकै नै धनी छ र यस क्षेत्रमा यसले बौद्ध धर्मलाई उछिनेको छ । जैनहरू बौद्धमार्गीहरूभन्दा प्रविधिको क्षेत्रमा निकै समृद्ध मानिन्छन् । किनभने गणित, खगोल विज्ञान र केही धर्मनिरपेक्ष कुराहरूमा यिनका महत्वपूर्ण ग्रन्थहरू पाइन्छन् ।

८. बौद्ध धर्मको शक्ति भनेको नै यो धर्म भोका र नांगाहरूकोबीचमा व्यापक मात्रामा प्रचारप्रसार हुनु हो, जबकि जैन धर्म खास गरेर धनीमानी व्यापारी वर्गहरू बीच मात्र सीमित रहन गएको थियो ।

९. जैन धर्म एक स्थिर सिद्धान्त रहेको देखिन्छ । यसका मूल्य र मान्यताहरूमा कुनै ध्यान दिन योग्य पूनर्मूल्यांकन भएको पाइँदैन । यद्यपि मूल रूपमा श्वेताम्बर र दिगम्बर गरी यो दुई समूहमा विभाजित हुन गएको थियो तर बौद्ध धर्ममा भनेहीनयानबाट महायानमा रूपान्तरण हुँदा यसका मूल्य र मान्यताहरूमा पनि निकै हेरफेर आएको देखिन्छ ।

१०. बुद्धले जस्तै महावीर पनि कर्म र पुनर्जन्मको सिद्धान्त मान्दथे । तर जैनहरू आत्मालाई पदार्थभित्र कैद भएको वस्तु ठान्दथे । जबकि बौद्धमार्गीहरू यो भनाइलाई अस्वीकार गर्दथे । बौद्ध धर्म र दर्शन मूलतः अनात्मवादी थियो ।

जैन तथा बौद्ध धर्मबीच पाइने समानता र विभेदहरूलाई संक्षेपमा उपर्युक्त ढंगबाट व्याख्या गर्न सकिन्छ । तर अन्तिम विश्लेषणमा भन्नु पर्दा प्रारंभिक स्वरूपको बौद्ध धर्ममा पहिले नै अस्तित्वमा रहेको हिन्दू दर्शनको सांख्य दार्शनिक प्रणाली र उपनिषद्हरूका धेरै भनाइहरू मिसिएको पाइन्छ भने जैन दर्शन पनि धेरै कुरामा उपनिषद् र वेदान्त दर्शनको नजिक रहेको देखिन्छ । तर बौद्ध दर्शन जैन दर्शनभन्दा अत्यधिक विकसित, परिस्कृत र सुसंस्कृत रहेको छ । नेपालको गण्डकी क्षेत्रका कपिल मुनि र कनकमुनि जस्ता स्वतन्त्र चिन्तकहरूको विचारधारा पनि बौद्ध दर्शनमा चरमोत्कर्षमा पुगेको पाउन सकिन्छ । मूलभूत रूपमा भन्नुपर्दा प्रारम्भिक बौद्ध धर्ममा ईश्वर, ईश्वरको प्रार्थना र कर्मकाण्ड गराउने पुरोहितको अस्तित्व पाइँदैन । त्यसकारण बौद्ध धर्म अनात्मवादी र अनिश्वरवादी दर्शन हो । बुद्धको जीवनका अन्तिम दिनहरूमा मात्र उनका अनुयायीहरूले उनलाई पुज्न शुरू गरेका हुन्, जुन कुरा गर्न स्वयं बुद्धले मनाही गरेका थिए । बौद्ध धर्म हीनयान, महायान आदि विभिन्न यानहरूमा विभाजित भएपछि यसमा विभिन्न रूप रंगका देवमण्डली भित्रिएका, बुद्धकै बारेमा अनेकन अलौकिक कथाहरू कथिएका र अनेक कर्मकाण्ड सम्पन्न गर्ने पुरोहितहरू पनि पैदा भएका हुन् ।

(साभारः दर्शन-दृष्टि पूर्णांक ३, २०६९)

**श्री कालिका आधारभूत विद्यालय**

रिब्दीकोट – १, ख्याहा, जोगिथुम, पाल्पा

**शिक्षक आवश्यकता**

मितिः २०८२/०८/१९

उपर्युक्त सम्बन्धमा यस श्री कालिका आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/१७ गतेको बैठकको निर्णय र रिब्दीकोट गाउँपालिका शिक्षा शाखा पाल्पाको च.न. ५६८ मिति २०८२/०८/१९ गतेको पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको आधारभूत तह ( कक्षा ६-८ ) को तृतीय श्रेणी शिक्षण सहयोग अनुदान कोटामा शिक्षक पदपूर्ती गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिमको प्रक्रिया पुराई दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

१. **विज्ञापन नं.** : ०१/२०८२/०८३   २. **पद संख्याः** १ जना

३. **तह / किसिम** : आधारभूत तह शिक्षण सहयोग अनुदान   ४. **विषय** : गणित

५. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

६. **न्यूनतम शैक्षिक योग्यता** : सम्बन्धित विषयमा आइ.एड. वा सो सरह उतिर्ण

७. **तलब स्केल** : शिक्षण सहयोग अनुदानको प्रचलित नियमानुसार

८. **दरखास्त दस्तुर** : रु.१०००/-

९. **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ( आवश्यक परेमा प्रयोगात्मक)

१०. **आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि, अध्यापन अनुमति पत्र निरोगिता प्रमाण पत्रको प्रतिलिपि, हस्तलिखित निवेदन

११. **दरखास्त दिने अन्तिम मिति** : २०८२/०९/०४ गते विद्यालय समय भित्र

१२. **सम्पर्क मिति** : २०८२/०९/०६ गते विद्यालय समय भित्र

१३. **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

१४. **करार अवधि** : आ.व. २०८२/०८३

१५. **सम्पर्क नं. प्रधानाध्यापक** : ९८४७२१९०२८, वि.व्य.स. अध्यक्ष ९८६७५४१६००

**प्रधानाध्यापक**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# आजदेखि प्रथम भैरव नक आउट फुटबल प्रतियोगिता



भैरहवा । रुपन्देहीको सिद्धार्थनगर-१ मेउडिहवामा प्रथम भैरव नक आउट फुटबल प्रतियोगिता आजबाट हुँदैछ। स्थानीय खेलाडीहरुलाई राष्ट्रस्तरीय खेलमा सहभागी गराउने र लामो समयदेखि हुन नसकेको राष्ट्रियस्तरको गोल्डकप आयोजनाका लागि आधार तयार गर्न श्री भैरव युवा क्लब तथा सिनपा वडा नम्बर १, नयाँ गाउँ, रानी गाउँको संयुक्त आयोजनामा प्रतियोगिता भएको हो।

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद, सबैका लागि खेलकुद' भन्ने नाराका साथ मंसिर २० गतेदेखि २७ गतेसम्म पक्लिहवा माविको मैदानमा प्रतियोगिता आयोजना हुने क्लबका अध्यक्ष यामबहादुर थापा (माइला) ले जानकारी दिए। 'पछिल्लो समय क्रिकेटमा युवाहरुको चासो बढेकोले यस क्षेत्रमा ओझेलमा परेको फुटबल खेललाई उजागर गर्न, नगरलाई खेलकुदमय बनाउनेका लागि प्रतियोगिता आयोजना गरेका छौं र यसलाई निरन्तरता दिँदै सिरीजको रुपमा लैजाने छौं।'-अध्यक्ष थापाले भने।

एन्फाको प्रविधिक सहयोगमा हुने प्रतियोगितामा रुपन्देही र नवलपरासी जिल्लाका कुल ८ वटा फुटबल क्लबहरूको सहभागिता रहनेछ भने यस क्षेत्रबाट फुटबलमा योगदान दिने ६ जनालाई सम्मान समेत गरिने क्लब सल्लाहकार सुशील गुरुङले बताए।

प्रतियोगिताका विजेता क्लबले नगद १ लाख, कप, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। भने उप-विजेता क्लबले नगद ५० हजार, कप, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै सर्वोत्तम खेलाडीले नगद १० हजार, सर्वोत्तम गोल किप्परले नगद ७ हजार, सर्वोत्तम डिफेन्डर नगद ७ हजार, सर्वोत्तम मिडफिल्डर नगद ७ हजार, सर्वोत्तम स्ट्राइकर नगद ७ हजार र दैनिक उत्कृष्ट खेलाडीले नगद २५ सय प्राप्त गर्ने छ। प्रतियोगितामा बचत रकमबाट पक्लिहवा माविका जेहेन्दार र विपन्न विद्यार्थीहरूलाई सहयोग गर्ने सल्लाहकार गुरुङले बताए।

प्रतियोगिता आयोजना गर्न करिब १५ लाखको बजेट अनुमान गरिएकामा सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ कार्यालयबाट ५ लाख सहयोग हुने र बाँकी रकम देश विदेशका शुभेच्छुक, खेलप्रेमी, उद्योगी व्यवसायी तथा टिकट बिक्रीबाट प्राप्त गरिने कार्यक्रम संयोजक तेजेन्द्र गुरुङले जानकारी दिए।

# हाटबजार व्यवसायी संघको स्थापना दिवसमा खाद्यान्न सामग्री सहयोग



बुटवल। हाटबजार व्यवसायी संघ रुपन्देहीको १९औं स्थापना दिवसका अवसरमा बुटवल- ३ पुलचोकस्थित अपाङ्ग स्याहार केन्द्रमा खाद्यान्न सामग्री वितरण गरेको छ।

हाटबजार व्यवसायी संघ रुपन्देहीका अध्यक्ष हुमाराम पोखरेल र बुटवल उप-महानगरपालिका वडा नं. ३ का वडाध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि विष्णु ढकालले संयुक्तरुपमा अपाङ्ग दिवा स्याहार केन्द्र अभिभावक संघका अध्यक्ष सारदा आचार्यलाई धारा तेल, सुजी, आटा, भुजा, बिस्कुटलगायतका करिब ६ हजार बराबरको खाद्यान्न सामग्री प्रदान गरिएको हो।

उक्त कार्यक्रममा बुटवल - ३ का वडाध्यक्ष विष्णु ढकालले बोल्दै वडाको तर्फबाट आफूले सक्दो सहयोग गरेको र स्याहार केन्द्रको विकासका लागि बुटवल उप-महानगरपालिकासँग समन्वय गरेर अगाडि बढ्ने बताए। त्यस्तैगरी हाटबजार व्यवसायी संघ रुपन्देही अध्यक्ष हुमाराम पोखरेलले बोल्दै संघको स्थापना दिवसमा हरेक वर्ष सामाजिक कार्य गर्दै आइरहेको बताउँदै अपाङ्ग दिवा स्याहार केन्द्रमा केही सहयोग पुगोस् भनेर खाद्यान्न सामग्री सहयोग गरिएको बताए।

त्यस्तैगरी अपाङ्ग दिवा स्याहार केन्द्र अभिभावक संघका अध्यक्ष सारदा आचार्यले बोल्दै संघले गरेको सहयोगले बालबालिकालाई ठूलो सहयोग हुने बताउँदै धन्यवाद व्यक्त गरिन्।

आचार्यले लक्ष्मीनारायण मन्दिर सेवा समाजले उपलब्ध गराएको भवनमा विगत ३ वर्षदेखि अपाङ्ग दिवा स्याहार केन्द्रका संस्थापक अध्यक्ष सैलेश थापाको नेतृत्वमा मस्तिष्क, पक्षधात तथा स्नायुमा समस्या भएका बालबालिकाहरुलाई परामर्श दिँदै आएको बताइन्।

अहिले उक्त स्याहार केन्द्रमा १० जना बालबालिकाहरुलाई दैनिक शारीरिक व्याायाम, शिक्षा परामर्स शिविर तालिम दिँदै त्यहाँ उपचार सम्भव नभएका बालबालिकाहरुलाई अन्यत्र रिफर गर्ने व्यवस्था समेत गरिएको छ। संघका अध्यक्ष हुमाराम पोखरेलको अध्यक्षता, उपाध्यक्ष रविलाल पाण्डेको स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन सचिव ईश्वरचन्द्र भट्टराईले गरेका थिए।

# २ सय ५० जनाको निःशुल्क मोतियाविन्दु शल्यक्रिया



भैरहवा । रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनीको दशौँ स्थापना दिवसको अवसरमा २ सय ५० जनाको मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ।

रुपन्देहीको मर्चवार तथा लुम्बिनी क्षेत्रका अधिकांशको आँखामा मोतियाविन्दुको समस्या देखिएपछि मोतियाविन्दु उन्मूलन गर्ने अभियानअन्तर्गत आज शनिबार बृहत् निःशुल्क आँखा जाँच, मोतियाविन्दु तथा शल्यक्रिया शिविर आयोजना गर्न लागेको क्लबका अध्यक्ष विष्णु शर्माले जानकारी दिए।

सन् २०१६ मा स्थापना भएको क्लबले निरन्तरसामाजिक गतिविधिमा संलग्न रहेको छ। रोटरीको अभियानअन्तर्गत अहिले आँखासम्बन्धी समस्या समाधान गर्ने उद्देश्यका साथ मंसिर २० गते कोटहीमाई गाउँपालिका वडा नं. ५, मझगावामा शिविर सञ्चालन गर्न लागेको हो।

रोटरीको प्रस्तावित सामुदायिक आँखा उपचार केन्द्र मझगावाले सातामा २ दिन सेवा दिँदै आएको स्थानमै शिविरबाट उपचार गर्ने र मोतियाविन्दु देखिएमा निःशुल्क अप्रेशन समेत गरिने जनाएको छ। शिविरमा लुम्बिनी नेत्रालयको प्रविधिक सहकार्य रहनेछ।

आयोजकले यस शिविरमार्फत् न्यूनतम २५० जना मोतियाविन्दुका बिरामीको निःशुल्क शल्यक्रिया गर्ने लक्ष्य राखेको छ। मर्चवार क्षेत्रमा लक्ष्य अनुरूप बिरामी फेला नपरे अन्य स्थानमा समेत शिविर विस्तार गरिने क्लबले जनाएको छ।

शिविरबारे जानकारी दिँदै लुम्बिनी नेत्रालयका प्रबन्ध निर्देशक हिरा शाहले लुम्बिनी प्रदेशमा ३० हजारभन्दा बढी मानिस मोतियाविन्दुबाट प्रभावित रहेको र अधिकांश मर्चवार एवं लुम्बिनी आसपासका क्षेत्रमा बिरामीको रहेकोले रोटरीले समुदाय लक्षित गर्न लागेको बताए। जाँचपछिको शल्यक्रिया भने नयाँ प्रविधिअनुसार 'टपिकल फेको' विधिबाट शल्यक्रिया गरिने उनले जनाए।

विना चिरफार, टाकारहित हुने यो अप्रेशन १० देखि १२ मिनेटभित्र हुने र एक घण्टामै घर जान सकिने सहकार्य संस्था लुम्बिनी नेत्रालयले जनाएको छ ।

# भूजीखोलाका बाढीपीडित अझै राहतकै पर्खाइमा



ढोरपाटन । भूजीखोलाका तिरैतिर छरिएको बस्ती थियो । भर्खरभर्खर सडकले जोडिएको हुँदा स्थानीयले मोटरबाटोको छेउकुना केही पक्की त केही सामान्य खालका घर बनाएका थिए। खोलाको छोटो दूरीमै थिए, विद्यालय, स्वास्थ्य संस्था र विद्युत्गृहहरू। विकासले विस्तारै जोडिंदै गरेको विकट क्षेत्रका नागरिकमा खुसी पलाउँदै थियो। विसं २०७७ भदौ १७ गते राति भूजीखोलामा भीषण बाढी आयो। उक्त बाढीले भूजीखोलावासीको सर्वस्व लुट्यो । दर्जनौं नागरिकको ज्यान लियो, सयौँलाई परिवार र घरबारविहीन बनायो।

आफन्त र भएभरको सम्पत्ति गुमाएका पीडितले अझै पनि राज्यबाट सहयोग पाउन सकेका छैनन्। सैतीस जनाको ज्यान जानेगरी आएको बाढीले पुऱ्याएको क्षति बेहिसाब छन्। त्योभन्दा बढी बेहिसाब छन्, बाढीपीडितको दुःख। बाढीमा परेका १५ जना अझै बेपत्ता छन्। बाढी गएपश्चत् सरकारले पीडितको पुनःस्थापनलाई प्राथमिकता दिने भने पनि अहिलेसम्म ध्यान नपुग्न नसकेको उनीहरूको गुनासो छ। घर निर्माण गरेपछि राहत उपलब्ध गराउने भनिए पनि अहिलेसम्म धेरैले भुक्तानी पाएका छैनन्।

बाढीले ढोरपाटन नगरपालिका-६, ७, ८ र ९ का एक सय ३१ घर बगाएको थियो। पीडितले ऋणधन गरेर अहिले घर बनाइसके। तर राहत अझै पाएका छैनन्। ढोरपाटन-९ का बाढीपीडित लालबहादुर विकले घर बनाउन सरकारले रकम पठाउने आश्वासन दिए पनि अहिलेसम्म कत्ति पनि सहयोग नपाएको गुनासो गरे। बाढीले उनको जेठो छोरा र भएभरको घरसम्पत्ति बगाएको थियो। राहत आउँछ भन्दाभन्दै पाँच वर्ष बितिसकेको भन्दै अब पाउन आशासमेत मरिसकेको उनी बताउँछन्।

विकले भने-"बाढीले भएभरको सम्पत्ति बगायो, छोरो बगायो, कति समय त पालमुनि बस्यौँ, सधैँभरि पालमुनि बसेर जीवन चल्दोरैनछ, सरकारले पनि राहत दिन्छ घर बनाउ भनेपछि गाउँमा ऋण काढेर घर बनायौँ, तर अहिले न सरकारले पैसा दियो, न साहुको ऋण तिर्न सकियो, हामीहरू धेरै पीडामा पर्यौँ, राज्यले राहत देला भनेका थियौँ आहत दियो।"

अर्का पीडित नारायण पुनले सरकारबाट पाउने भनिएको रु चार लाखमध्ये अहिलेसम्म कत्ति पनि रकम पाउन नसकेको सुनाए। बाढीमा आमा र घर बगाएको भन्दै अहिले घर निर्माण गरिसकेको उनले बताए। केही आफ्नो कमाइ र केही रकम ऋण गरेर घर बनाएको उनको भनाइ छ। नेताहरूले आफ्ना वरपरका र नजिकका आफन्तलाई मात्र राहत दिलाएको पुन बताउँछन्। "हामी राम्रोसँग कुरा राख्न पनि नसक्ने सिधा भयौँ, टाढाबाठाले त पाउनुपर्ने राहत पाइसके, राहत पाएपछि ऋण तिर्नेगरी घर बनायौँ तर अहिलेसम्म पाउन सकेनौँ।"-उनले भने।

सोही ठाउँका बाढीपीडित कुलबहादुर विकले घर बनाएको ऋणले अहिले समस्यामा परेको बताए। बाढीले घरजग्गासहित २२ वर्षका जेठो छोरा, २१ वर्षकी बुहारी, १८ वर्षकी छोरी र चार वर्षकी नातिनी बगाएको सुनाउँदै अहिले ऋणको भारीले थिचिरहेको विकले सुनाए। आफूले जम्मा रु दुई लाख ५० हजार पाएको भन्दै घर बनाउँदा रु पाँच लाख खर्च भएको उनको भनाइ छ।

"बाढीले परिवार नै बगायो, सम्पत्ति बगायो, त्यसमाथि सरकारले पैसा दिन्छु घर बनाउ भनेर भन्यो, ऋण खोजेर घर बनाएँ, न सरकारले पैसा दियो, न कतैबाट सहयोग आयो, अहिले साहुले पैसा माग्छन्, आफूलाई बिहान के खाउँ, बेलुका के खाउँ भन्ने पिर छ, अहिले ऋणले डुबायो, के गरेर तिर्ने ?, गाउँका अरु धेरै बाढी पीडितहरूको अवस्था मेरोजस्तै छ।"-उनले भने।

बाढीले ११ वटा लघुजलविद्युत् आयोजना, एउटा स्वास्थ्य एकाइ, ११ वटा झोलुङ्गे पुल, १० काठे पुल, पाँच ढलान पुल, दुई विद्यालय र २० किलोमिटर सडक बगाएको थियो। बाढीले क्षति पुऱ्याएका जलविद्युत्, विद्यालयको पुनर्निर्माण भएको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले बताए। सङ्घीय सरकारले १८ जना बाढीपीडितलाई घर बनाउन सबै किस्ता उपलब्ध गराए पनि अझै धेरैले एक किस्ताबाहेक अरु रकम नपाएको उनको भनाइ छ।

उपप्रमुख कायतले भने-"पीडितहरूले प्राविधिक स्टिमेटअनुसार घर बनाउनुपर्ने हो, विभिन्न कारण उनीहरूले सकेनन्, तर घरचाहिँ सबैको बनेको छ, सरकारले दिने रकम एकतिहाइले पनि पाउन सकेका छैनन्, यसका लागि हामीहरूले पहल गरिरहेका छौँ, बाढीले बगाएका विद्यालय, स्वास्थ्य संस्था, पुल र सडक पुनःनिर्माण भएर सञ्चालनमा आइसके।"




# बुटवलमा तिनाउ गायन तारा हुने



बुटवल। बुटवल-११ देवीनगरस्थित तिनाउ इङलिस् बोर्डिङ स्कूलले आउँदो साता जिल्लास्तरीय तिनाउ गायन तारा प्रतियोगिता गर्ने भएको छ। गायनमा क्षमता भएका विद्यार्थीको प्रतिभा प्रस्फूटन गर्ने उद्देश्यसहित विद्यालयले यहीँ मंसिर २५ गते अन्तर विद्यालय पहिलो तिनाउ गायन तारा गर्न लागेको हो। विद्यालयले शुक्रबार पत्रकार सम्मेलन गरी कार्यक्रमको जानकारी दिएको हो।

विद्यालयका सह-प्राचार्य सूर्यप्रसाद पाण्डेले प्रतियोगितामा जिल्लाका सामुदायिक र संस्थागत गरी ४० विद्यालयका विद्यार्थी सहभागी हुने अपेक्षा रहेको बताए। प्रतियोगितामा कक्षा १० सम्मका मात्र विद्यार्थी प्रतिस्पर्धामा भाग लिन पाउने उनले जानकारी गराए।

कार्यक्रम संयोजक नवीनरत्न शाक्यकाअनुसार प्रतियोगितामा प्रथम हुनेले १० हजार, द्वितीयले ७ हजार, तृतीयले ५ हजार र सान्त्वनाले ३ हजार पुरस्कार मेडल र प्रमाणपत्र पाउनेछन्।

शाक्यले विद्यार्थीको प्रतिभा एकीकृत गर्न विद्यालयले कार्यक्रम आयोजना गरेको बताए। शिक्षक अग्निधर पोखरेलले प्रतियोगिताले गायन क्षेत्रमा दरिलो प्रतिभा उजागर गर्ने विद्यालयले अपेक्षा गरी कार्यक्रम अघि सारेको जनाए। २०५६ मा स्थापना भएको विद्यालयमा दुई हजार विद्यार्थी अध्ययनरत छन्।

# स्वयम्सेविकाबिच हाजिरीजवाफ प्रतियोगिता

देवदह । रुपन्देहीको देवदहमा महिला स्वास्थ्य स्वयम्सेविकाबिच अन्तरपालिकास्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । २२औं महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवीका दिवस, सम्मान तथा बिदाई कार्यक्रमको अवसरमा देवदह नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो।

रुपन्देही जिल्लाको १४ वटा पालिकाको सहभागिता रहेको प्रतियोगितामा १२ अंकका साथ कञ्चन गाउँपालिका प्रथम भएको छ । यसैगरी ११ अंकका साथ रोहिणी गाउँपालिका द्वितीय, १० अंकका साथ सिद्धार्थ नगरपालिका तृतीय र ८ अंकका साथ मायादेवी गाउँपालिका सान्त्वना भएको छ। प्रतियोगितामा प्रथम हुने कञ्चन गाउँपालिकाले नगद ५ हजार, द्वितीय हुने रोहिणी गाउँपालिकाले नगद ४ हजार, तृतीय हुने सिद्धार्थ नगरपालिकाले नगद ३ हजार र सान्त्वना हुने मायादेवीले नगद २ हजार प्राप्त गरेको छ।

यसैगरी सोही अवसरमा देवदह नगरपालिका ११ का महिला स्वयम्सेविका चनरी कलवारीलाई बिदाई गरिएको छ । उमेरहदका कारण नगरपालिकाले कलवारीलाई नगद १ लाख ५० हजार प्रदान गरी बिदाई गरिएको हो। त्यसैगरी देवदह नगरपालिका १० मा कार्यरत सरीता सूर्यवंशीलाई यस वर्षको उत्कृष्ट स्वयम्सेविकाको रुपमा सम्मान गरेको हो।

सो अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम्सेविकाको महत्वपूर्ण भूमिका रहेको बताए। उनले प्रतियोगिताले स्वयम्सेविकाहरुको नेतृत्व विकास हुने जनाए।

देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेल, देवदह ३ का वडाध्यक्ष यज्ञप्रसाद अर्याल, जनस्वास्थ्य कार्यालय रुपन्देहीका प्रभास पन्थी, सारदा खत्री, राधा घिमिरे, सरिता चौधरी, सुमित्रा बुढाथोकी, गुराँस गैरेलगायतले शुभकामना व्यक्त गरेका थिए।

# नृत्य र गायनमा उत्कृष्ट विद्यार्थीलाई सम्मान



सुनवल । सुनवल-४, नवलपरासीमा अवस्थित विद्यालय सुनवल युनाईटेड अंग्रेजी आवासीय माविले विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

शैक्षिक ऐक्यबद्धताको समूह नेपाल जीसन नवलपरासीको आयोजनामा भएको विद्यालयस्तरीय नृन्य प्रतियोगितामा च्याम्पियन हुन सफल विद्यार्थीहरु एलेक्स थापा, प्राप्ति राना, मारिका हमाल, स्मृति कार्की, सुदिप खनाल, कसम थापा, साया गुरुङ्ग र नाम्सु राना एवं सोही दिन आयोजना भएको जिसन सिंगिङ आइडलमा बेस्ट इफोर्ट उपाधि हासिल गर्न सफल विद्यार्थी श्रेया सुनारलाई विद्यालयले सम्मान गरेको छ।

विभिन्न जाति, संस्कृति परम्पराको पहिचानसहित प्रस्तुत गरिएका १६ वटा विद्यालयहरुको नृत्य समूहमध्ये च्याम्पियन बन्न सफल भएकोमा विद्यालयका प्रिन्सिपल धनराज चापागाईंले खुशी व्यक्त गर्दै आगामी दिनमा पनि हरेक क्षेत्रमा यसरी नै सफलता हात पार्न विद्यार्थीलाई शुभकामना व्यक्त गरेका थिए।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com